# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुभ कालिका गाउँपालिका
## कालिकोट

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुभ कालिका गाउँपालिका
## कालिकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुभ कालिका गाउँपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/[illegible], काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ८०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

शुभ कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट ।

१. **कैफियत सहितको राय** – हामीले शुभ कालिका गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ७२ लाख ६८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। उल्लेखित बेरुजुमध्ये असुल गर्नुपर्ने रू.५३ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९५ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.५ करोड १७ लाख ६९ हजार र पेश्की बाँकी रु. ६ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.११ करोड ०७ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ७९ लाख ८९ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# शुभ कालिका गाउँपालिका,

## कालिकोट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३८ | १३५ | ६७२६८ | ० | ० | ० | ३८ | १३५ | ६७२६८ | ५३१४ | ५१७६९ | ९५३० | ० | ० | ६१२९९ | ६५५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शुभकालिका गाउँपालिका, कालिकोट | ११०७२१ | ० | ० | ११०७२१ | ० | ६७२६८ | १७७९८९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | | | | |
| | | | | |
| | चालु वर्षको जम्मा | - | - | - |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | | | | |
| | | | | |
| | २०७७।७८ | - | - | - |
| | | | | |
| | | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | - |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**कार्यालय परिचय** - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य हो ।अन्य उद्देश्यहरुमा आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु, ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु , स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु रहेको छ । यस पालिकामा ८ वटा वडा रहेको छ भनें क्षेत्रफल ९७.३२ वर्ग किलोमिटर तथा जनसंख्या १४,०८० रहेको छ ।

**लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०१ देखि २०८०।०६।०४ सम्म रहेको छ ।

**लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु

सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**आर्थिक कारोबारको स्थिति** - कार्यालयको आर्थिक कारोबारको बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४२,०३०।०० असुल भै दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वडाबाट असुल भएको राजश्व दाखिला | ४२,०३०।०० |

२ **वित्तीय विवरण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| | | यस वर्ष रु. | | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ४६,४३,८२,८३६.८० | ४१,९१,३४,२८६.३५ | | ४१,९१,३४,२८६.३५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४३,३६,०९,४१९.०० | ३८,८०,०५,८५५.१८ | ० | ३८,८०,०५,८५५.१८ |
| ११००० कर | ११ | ७,७३,५८,८४९.०० | ६,२२,४२,९०२.१८ | ० | ६,२२,४२,९०२.१८ |
| १३००० अनुदान | | ३५,६२,१४,०००.०० | ३२,५७,६२,९५३.०० | ० | ३२,५७,६२,९५३.०० |
| संघीय सरकार | १२ | ३१,३२,३३,०००.०० | २८,८२,०५,६०४.०० | ० | २८,८२,०५,६०४.०० |
| प्रदेश सरकार | १२ | ४,२९,८१,०००.०० | ३,७५,५७,३४९.०० | ० | ३,७५,५७,३४९.०० |
| बैदेशिक श्रोत | १२ | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ३६,५७०.०० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| **ख. अन्य प्राप्ति** | | ३,०७,७३,४१७.८० | ३,११,२८,४३१.१७ | | ३,११,२८,४३१.१७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ३,०७,७३,४१७.८० | ३,०७,२४,७०२.१७ | ० | ३,०७,२४,७०२.१७ |
| धरौटी | | ० | ४,०३,७२९.०० | ० | ४,०३,७२९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| **भुक्तानी (ग+घ)** | | ४८,१८,०९,६६२.८० | ४१,८९,२६,८६५.८९ | | ४१,८९,२६,८६५.८९ |
| **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | ४५,१०,३६,२४५.०० | ३९,६५,०४,५४७.६९ | | ३९,६५,०४,५४७.६९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५,३१,३७,०००.०० | ३,३२,७५,०६१.१० | ० | ३,३२,७५,०६१.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,०१,८०,१२५.०० | ९,९३,९९,९४७.०० | ० | ९,९३,९९,९४७.०० |
| २५००० सहायता (Subsidy) | १८ | ३,१५,०००.०० | ३,१५,०००.०० | ० | ३,१५,०००.०० |
| २६००० अनुदान | १८ | १८,८८,१६,०००.०० | १७,३७,१९,५९१.०० | ० | १७,३७,१९,५९१.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९८,५०,०००.०० | ९७,०३,७७५.०० | ० | ९७,०३,७७५.०० |
| २८००० अन्य खर्च | १८ | २४,३६,५७०.०० | २२,४१,३४०.०० | ० | २२,४१,३४०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ८,६३,०१,५५०.०० | ७,७८,४९,८३३.५९ | ० | ७,७८,४९,८३३.५९ |
| **घ. अन्य भूक्तानी** | | ३,०७,७३,४१७.८० | २,२४,२२,३१८.२० | | २,२४,२२,३१८.२० |
| कोषहरु | | ३,०७,७३,४१७.८० | २,२०,६९,१३३.२० | ० | २,२०,६९,१३३.२० |
| धरौटी | | ० | ३,६७,१३७.०० | ० | ३,६७,१३७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | -१३,९५२.०० | | -१३,९५२.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,७४,२६,८२६.००) | २,०७,४२०.४६ | | २,०७,४२०.४६ |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | २,१२,७२,३१९.३९ | | २,१२,७२,३१९.३९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,७४,२६,८२६.००) | २,१४,७९,७३९.८५ | | २,१४,७९,७३९.८५ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **बैंक तथा नगद बाकी** | २४ | | २,१४,७९,७३९.८५ | | २,१४,७९,७३९.८५ |

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,३५,२०,०४०।०० गरिबसँग विश्वेश्वर कार्यक्रमबाट रु. ५,२६,०००।०० र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट रु. ४,५६,०००।०० समेत गरी रु. ७,४५,०२,०४०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५७,४७,७११।६७, यस वर्षको प्राप्ति रु.८,७५,६६,७१३।६५,यस वर्षको भुक्तानी रु.७,०२,९८,४८५।१२ र बैङ्क मौज्दात रु.४०,०४,०९०।८६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २१२७२३१९।३९ | ४१९१३४२८६।३५ | ४१८९२६८६५।८९ | २१४७९७३९।८५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २७०२००३१।०६ | ५०६७०१०००।०० | ४८९२२५३५१।०१ | १७४७५६४८।९९ |
| फरक | ५७४७७११।६७ | ८७५६६७१३।६५ | ७०२९८४८५।१२ | ४००४०९०।८६ |

**आन्तरिक राजश्व**:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने र १० दिन भन्दा ढिलो गरी दाखिला गरेमा १० प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागिय कारवाही गरिने उल्लेख रहेको छ। यो वर्ष लेखापरीक्षणमा पेश गरेका विभिन्न नम्वरका रसिद ठेली अनुसार रु.१०,८५,१७४.८५।०० राजश्व असुल गरेको छ तर पालिकाले आन्तरिक राजश्व प्रविष्टि सुत्रमा नगर्दा

आन्तरिक राजश्वको अवस्था यकिन गर्न सकिएन । पालिकाले आफ्ना प्रत्येक राजश्व आम्दानीको यथार्थ विवरण सुत्रमा प्रविष्टि गरी आम्दानी यकिन गर्नु पर्दछ ।

| वडा नं | वडासचिव | जम्माआम्दानी रु | दाखिलारु | अनियमितरकम रु |
|---|---|---|---|---|
| २ | भूपेन्द्रतिमल्सिना | रु ७२८५० | रु ८६३०० | रु १३४५० |
| ३ | बिनोदप्रसाद अधिकारी | रु ११४३५० | रु १२१४०६ | रु ७०५६ |
| ७ | अशोक कुमार | रु ५८९१० | रु ६९५०० | रु १०५९० |
| ८ | बिरेन्द्रबहादुर शाही | रु ४३७९० | रु७२३२० | रु २८५३० |
| वडा नं ४ को राजश्व दाखिला रु ४२०३० को मात्र रहेको तर रसिद ठेली नरहेकोले बास्तविक राजश्व यकिनगर्न सकिएन, यसर्थ पालिकाले आवश्यक छानबिन गरी यकिन गर्नुपर्ने देखिएको छ । | | | | |
| **जम्मा** | | **रु २८९९००** | **रु ३४९५२६** | **रु ५९६२६** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ बजेट तथा कार्यक्रम

३.१ **क्षेत्रगत बजेट र खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २७८५०००० | २२१९२६३५ | ५.६० |
| २ | पूर्वाधार विकास | ८७५३१५५० | ७९४८७०६२ | २०.०५ |
| ३ | सामाजिक विकास | १९१६३०००० | १७९८८८७६७ | ४५.३७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३५३००००० | ३३४६४६४६ | ८.४४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०८७२४६९५ | ८१४७१४२१ | २०.५४ |
| | जम्मा | ४५१०३६२४५ | ३९६५०४५३१ | १०० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसारआर्थिक विकास क्षेत्रमा सबैभन्दा कम ५.६० प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४५.३७ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले २०.०५ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

३.२ **आयको प्रक्षेपण तथा वितरणको खाका-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम सोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा सोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रूपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितिलाई जानकारी गराउनु पर्दछ।

३.३ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले मिति २०७९।३।१० गते रु. ४७ करोड २८ लाख १० हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।११ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०५।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यस पालिकाले कानूनले तोकेको समयमा नै आय र व्ययको अनुमान पेश गरि पारित गरेको छ साथै समयमा नै अख्तियारी प्रदान गरेको छ ।

३.४ **चौमासिक खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण

अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| चालु खर्च | ३१८६५५ | ४३४९१ | ११०२२७ | १६४९३७ | ११२२३२ |
| पूँजिगत खर्च | ७७८५० | ७७६ | ४३७३ | ७२७०१ | ३६०६३ |
| जम्मा | ३९६५०५ | ४४२६७ | ११४६०० | २३७६३८ | १४८२९५ |
| प्रतिशत | १०० | ११.१७ | २८.९० | ५९.९३ | ३७.४० |
| पूँजिगत प्रतिशत | १०० | १.०० | ५.६२ | ९३.३८ | ४६.३२ |

कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले प्रथम चौमासिकमा ११.१७, दोश्रो चौमासिकमा २८.९०, तेश्रो चौमासिकमा ५९.९३ तथा आषाढ महिनामा मात्र ३७.४० प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पुँजिगत तर्फ प्रथम चौमासिकमा १.००, दोश्रो चौमासिकमा ५.६२, तेस्रो चौमासिकमा ९३.३८ प्रतिशत र आषाढ महिनामा मात्र ४६.३२ प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।

३.५ **योजनाको आन्तरिकिकरण र सामञ्जस्यता-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकीकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ४ अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

**अनुदान फिर्ता-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२२२१) अनुसार २०८० असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु.१,७५,०७,८८६।- फिर्ता गर्नुपर्नेमा रु.१,६२,०१,७१५।- मात्र फिर्ता गरेको छ । तसर्थ गाउँपालिकाले संघीय सरकारलाई रु.२,०६,१७१।- फिर्ता गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०६,१७१ |

## ५ कानून निर्माण एवं कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, १२ वटा नियमावली र ११ कार्यविधि गरी ५० वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## ६ खरिद इकाई

खरिद इकाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नुपर्ने र उक्त महाशाखा, शाखा वा इकाईको प्रमुखको जिम्मेवारी बहन गर्नुपर्ने गरी खरिद अधिकारी तोक्नुपर्नेमा कार्यालयले सोको स्थापना गरेको देखिएन । अतः कार्यालयले खरिद इकाई या शाखा स्थापना गरी खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

## ७ शिक्षा (स्थानीय तह)

७.१ विद्यालयको अनुगमन नियमन व्यवस्थाः राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

७.२ **निजी विद्यालय व्यवस्थापन-** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक

पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ ।

७.३ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर-** पालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्दछ ।

## ८ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम निर्माण व्यावसायीको रिटेन्सन मनि वापत विलबाट कट्टि गरी राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका निर्माण व्यवसायीलाई कर चुक्ता तथा मु.अ.कर समायोजन पत्र वेगर माग गरेको आधारमा निम्नानुसार धरौटि फिर्ता गरेको देखिएकोले कर चुक्ता तथा मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.२,११,१३७।००

| **गो.भौ.नं** | **ठेक्काको विवरण** | **भुक्तानी पाउने फर्मको नाम** | **धरौटी फिर्ता** |
|---|---|---|---|
| ०४।२०७९।०६।०५ | स्यानटरी प्याड खरिद | पचाल झरना मेडिसिन | रु ५००००।०० |
| ०५।२०७९।०६।०६ | वडा नं ३ को थुनि गैरापोखारामा स्वास्थ्य इकाई भवन निर्माण | डाइमण्ड निर्माण सेवा | रु ५०८१४।०० |
| १२।२०७९।१२।१९ | वडा नं ८ को स्वास्थ्य चौकी मुग्राँहाको प्रसुती गृह निर्माण | प्रभु निर्माण सेवा | रु ११०३२३।०० |
| **जम्मा** | | | **२१११३७।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,११,१३७ |

९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम १ मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असुल गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालय कार्यसंचालन कोष तर्फको गो.भौ.नं. २,२०७९।१०।१८ मा औद्योगिक ग्राम निर्माण कार्यको लागि भिउस निर्माण सेवालाई रू.६,३४,५५९।०० पेश्की दिएको देखिन्छ । फछ्र्यौटको अन्तिम मिति २०७९।११।२४ देखिन्छ । तोकिएको म्यादभित्र आवश्यक कागजात पेश गरी पेश्की फछ्र्यौट नगर्ने निर्माण व्यवसायीबाट असुलउपर गरी दाखिला गर्नुपर्दछ । असुलउपर गर्नुपर्ने रू.६,३४,५५९।००

| | |
|---|---|
| पेश्की | ६,५४,५५९ |

१० **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । पालिकाले यस वर्ष ठेक्कामार्फत गरेको कार्यहरु अनुसूचीमा रहेका छन् । पालिकाले आ.व. २०७९।८० मा गरेका ठेक्काको विवरण मात्र पेश गरेको छ । ठेक्का अभिलेख राख्ने गरेको पाइएन ।सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११ **धरौटी अद्यावधिक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनुपर्दछ । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख तयार गरेको देखिएन । अतः व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरी धरौटी मौज्दात रकम अध्यावधिक गरिनु पर्दछ । गाउँपालिकाको गत वर्षको धरौटी अल्या रु.११,५१,९१७ यस वर्षको आम्दानी रु.४,०३,७२९ समेत कुल आम्दानी रु.१५,५५,६४६ भएकोमा फिर्ता खर्च रु.३,६७,१३७ रही मौज्दात रु.११,८८,९०५ रहेको विवरण पेश गरेको छ ।

१२ **आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव

राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

१३ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यबाट स्थापित संस्थालाई अनुदान तथा आर्थिक सहायता उपलब्ध गराउन मिल्दैन । पालिकाले चालुतर्फ गो.भौ.नं. २७९,२०७९।११।३० मा सभा संचालन खर्च शीर्षकबाट नेपाल पत्रकार महासंघलाई रू.१,००,०००।०० भुक्तानी दिएको छ । नेपाल पत्रकार महासंघलाई के आधारमा किन आर्थिक सहायता दिएको हो सो सम्बन्धमा खर्च पुष्टि हुने प्रमाण कागजात पेश हुन सकेन । अतः पालिकाले खर्चको पुष्टयाईं, प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रू.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १३.१ | नेपाल पत्रकार महासंघ | १,००,००० |
| | प्रमाण पेश नगरेको | १,००,००० |

१४ **अन्य सामाजिक सुरक्षा (२७११२) शीर्षकबाट भुक्तानी**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को खर्च संकेत २७११२(अन्य सामाजिक सुरक्षा) मा राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधी उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायतासम्बन्धी व्यवस्था छ ।तर पालिकाले उक्त खर्च संकेत नं. बाट तपशील बमोजिमका व्यक्ति/संस्था/कार्यालयलाई भुक्तानी दिएको देखिन्छ । भुक्तानी पाउने व्यक्ति/संस्था/कार्यालयलाई सो शीर्षकबाट भुक्तानी दिनुको आधार र कारण खुल्न सकेन। अतः खर्च पुष्टि हुने आधार र प्रमाण कागजात पेश गर्नुपर्ने रू.

| गो. भौ. नं., मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| गा.पा. चालु २९९,२०७९।१२।१७ | स्वास्थ्य बीमा बोर्ड, काठमाण्डौ | बीमा रकम भुक्तानी | ३९७६००० |
| गा.पा. चालु ३७२,२०८०।०१।०८ | दिपेन्द्र अधिकारी | प्रशासनिक खर्च | १००००० |

| | | | |
|---|---|---|---|
| गा.पा. चालु २७३,२०७९।११।२९ | रोजिना शाही, कम्प्युटर अपरेटर (तलबभत्ता) | तलबभत्ता | ८९१०० |
| गा.पा. चालु ५३४,२०८०।०३।१३ | रोजिना शाही, कम्प्युटर अपरेटर (तलबभत्ता) | तलबभत्ता | ८४१५० |
| गा.पा. चालु ५३५,२०८०।०३।१३ | तृप्ति होटल एण्ड नास्ता पसल ४०२९२, श्री दहाल मा.वि. ३०००० | खाजाखानाको बिल भुक्तानी | ७०२९२ |
| गा.पा. चालु ४८९,२०८०।०३।०६ | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | सामान खरिदको बिल भुक्तानी | ५५७७७९ |
| गा.पा. चालु १२६,२०७९।१०।१८ | जनक बहादुर शाही | प्रशासनिक खर्च | १६७२५० |
| गा.पा. चालु ३३०,२०७९।१२।२१ | अशोक कुमाल (प्रशासनिक खर्च) | प्रशासनिक खर्च | २५९५६४ |
| गा.पा. चालु ४९५,२०८०।०३।०८ | अशोक कुमाल - ७५३५३, कृषि विकास बैंक - ४००००, महादेव मा.वि. - ४३५०० | प्रयोजन नखुलेको | १५८८५३ |
| जम्मा | | | ५४६२९८८ |

| | |
|---|---|
| अनियमित भएको | ५४,६२,९८८ |

**१५ अन्य सामाजिक सुरक्षा (२१२१९) शीर्षकबाट भुक्तानी**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को खर्च संकेत २१२१९ (अन्य सामाजिक सुरक्षा) मा प्रचलित कानून अनुसार सरकारले कर्मचारीहरुको कोषमा ज्मा गर्ने रकम बाहेक कर्मचारीसँग सम्बन्धित अन्य सामाजिक सुरक्षासम्बन्धी व्यवस्था छ ।तर पालिकाले उक्त खर्च संकेत नं. बाट तपशील बमोजिमका व्यक्ति/संस्था/कार्यालयलाई भुक्तानी दिएको देखिन्छ । भुक्तानी पाउने व्यक्ति/संस्था/कार्यालयलाई यो शीर्षकबाट भुक्तानी दिनुको आधार र कारण खुल्न सकेन। अतः खर्च पुष्टि हुने आधार र प्रमाण कागजात पेश गर्नुपर्ने रू.

| गो. भौ. नं., मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| गा.पा. चालु ३५२,२०८०।०१।१५ | कृषि विकास बैंक, कालीकोट | सहायता रकम भुक्तानी | ३७४००० |
| गा.पा. चालु ३८९,२०८०।०२।०२ | दिपेन्द्र अधिकारी | प्रशासनिक खर्च भुक्तानी | ६९५७५ |
| गा.पा. चालु ४३३,२०८०।०२।१७ | दत्त बहादुर शाही | प्रशासनिक खर्च भुक्तानी | ६००० |

| | | | |
|---|---|---|---|
| गा.पा. चालु ५३,२०७९।०६।०६ | वडास्तरीय खेलकुद समिति | अनुदान रकम भुक्तानी | १२०००० |
| गा.पा. चालु १९१,२०७९।११।०८ | कृषि विकास बैंक, कालीकोट | सहायता रकम भुक्तानी | ५७६००० |
| गा.पा. चालु ५६५,२०८०।०३।२० | कृषि विकास बैंक, कालीकोट | सहायता रकम भुक्तानी | ८०००० |
| गा.पा. चालु २१२,२०७९।११।११ | कृषि विकास बैंक, कालीकोट | सहायता रकम भुक्तानी | १९०००० |
| गा.पा. चालु ४४४,२०८०।०२।१९ | प्रिया फेन्सी पसल | सामान खरिदको बिल भुक्तानी | २२६५५ |
| गा.पा. चालु ४६४,२०८०।०२।३१ | पार्वती वि.क. | सहायता रकम भुक्तानी | १०००० |
| गा.पा. चालु ४९४,२०८०।०३।०८ | एभरेष्ट वायरलेस नेटवर्क - ९९६५९, जे.के. इलेक्ट्रोनिक्स सेन्टर - १८७५१ | सामान खरिदको बिल भुक्तानी | ११८४१० |
| जम्मा | | | १५६६६४० |

| | |
|---|---|
| अनियमित भएको | १५,६६,६४० |

## १६ संगठन तथा कर्मचारी व्यवस्थापन

१६.१ निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । तर कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च पालिकातर्फ रू.६९,२४,५३३।०० र स्वास्थ्यतर्फ रू.१,२०,९९,८९१।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत यकिन गर्न सकिएन। पालिकाले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

१६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कम हुने व्यवस्था बमोजिम दरबन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ६३ रहेकोमा ३८ जना कर्मचारीको पदपूर्ति भएकोमा २५ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको ८ वडा कार्यालयहरुको लागि ८ जना वडा सचिवको दरबन्दी रहेकोमा २ वटा मात्र पदपूर्ति भई ६ वटा पद रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने

सेवाको गुणस्तर र जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७२ जना कर्मचारीहरू करारमा राखी रु.१,६०,४४,७१९।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी खर्च लेखेको देखिन्छ । अतः पालिकाले कानूनले तोकेको पदमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १,६०,४४,७१९ |

१६.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको देखिएन ।

## १७ सम्पत्ति उपयोग र संरक्षण

१७.१ सम्पत्ति हस्तान्तरण र अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।

१७.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ ।

१७.३ सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

## १८ आन्तरिक नियन्त्रण प्रणाली

१८.१ बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन ।

-म.ले.प. फाराम ८०१ — बेरुजु लगत

-म.ले.प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन

-म.ले.प. फाराम ८०३ — बेरुजुको केन्द्रीय कार्यालयगत लगत

-म.ले.प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन

-म.ले.प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१८.२ सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्बन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः

कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा नराखेको,

सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

तसर्थ, कार्यालयले सूचना प्रविधि नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनुपर्दछ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१८.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५, दफा २७ बमोजिम कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपेने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ ।

- नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१
- दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२
- राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४
- राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५
- राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६
- राजश्व/आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७

कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क

बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१८.४ भ्रमण तथा भ्रमण खर्चको अभिलेखः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन ।

• म.ले.प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म.ले.प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै पदाधिकारी र कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको ।

भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन बिना कार्यालयले पदाधिकारी र कर्मचारीको दैनिक भ्रमणभत्ता वापतको भुक्तानी तपशील बमोजिमको शीर्षकबाट जम्मा रू. ६२,९७,२८२।०० खर्च लेखेको छ । अधिकांश भ्रमण आदेशमा कुनै ठोस काम नतोकी कार्यालय कामकाज, पालिकाको काम लगायतको उद्देश्य राखी स्वीकृति लिएको र भ्रमणबाट फर्किसकेपछि प्राप्त उपलब्धी सहितको भ्रमण प्रतिवेदन समेत पेश नगरेको पाइयो। उक्त भ्रमण कार्यालयको कामको सिलसिलामा नै भएको हो भन्ने यकिन गर्न नसकिएको सम्बन्धमा पालिकाले आवश्यक छानबिन गरी यकिन गर्नुपर्दछ ।

| सि.न. | क्रियाकलापको नाम | खर्च संकेत नं. | कुल खर्च रकम |
|---|---|---|---|
| १ | वाह्य विशिष्ट व्यक्ति तथा अन्य कर्मचारी पदाधिकारी अनुगमन मूल्याङ्कन खर्च | २२६११ | ६३५१४० |
| २ | पदाधिकारी तथा कर्मचारी अनुगमन मूल्याङ्कन खर्च | २२६११ | ११९९९५२ |
| ३ | कर्मचारी भ्रमण खर्च | २२६१२ | २२३७०९५ |
| ४ | पदाधिकारी भ्रमण खर्च | २२६१२ | ११८१८९५ |
| ५ | पदाधिकारी बैठक भत्ता (गो.भौ.नं. चालु ६०३) | २११४१ | १०४३२०० |
| जम्मा | | | ६२९७२८२ |

१८.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको ।

• अधुरा आयोजनाको समीक्षा नगरेको आदि ।

## १९ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४,७३,७१,५५०।०० अबण्डा बजेट व्यवस्था गरी १३ वटा कार्यक्रम/क्रियाकलापबाट रु.४,०७,१४,८४१।०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । पालिकाले निम्म कार्यक्रममा बजेट अबण्डा राखी खर्च लेखेको छ । बजेट विनियोजन गर्दा नियमकानून, विधि, पद्धतिको पूर्ण पालना गर्नुपर्दछ ।

| सि.न. | क्रियाकलापको नाम | खर्च संकेत नं. | कुल खर्च रकम | कुल खर्च रकम |
|---|---|---|---|---|
| १ | शिक्षा शाखाका विभिन्न कार्यक्रमहरू | २२५२२ | २०००००० | १९८१४६७ |
| २ | महिला तथा बालबालिका शाखा लक्षित कार्यक्रम | २२५२२ | ३०००००० | २७८२०७० |
| ३ | पशु शाखाबाट हुने विभिन्न कार्यक्रमहरु | २२५२२ | २०००००० | ११६००१० |
| ४ | विभिन्न किसिमका खेलकुद कार्यक्रम संचालन | २२५२२ | १०००००० | १०००००० |
| ५ | आयुर्वेद शाखाका विभिन्न कार्यक्रमहरू | २२५२२ | ५००००० | ४८७०९० |
| ६ | दलित तथा अल्पसंख्यक लक्षित कार्यक्रम | २२५२२ | १०००००० | ७००००० |
| ७ | कृषि शाखाबाट हुने विभिन्न कार्यक्रमहरू | २२५२२ | १५००००० | १५००००० |
| ८ | विभिन्न विपद् व्यवस्थापनका कार्यक्रमहरु | २७२१२ | २५००००० | २५००००० |
| ९ | विभिन्न नयाँ सडक निर्माण तथा ट्रयाक खोल्ने | ३११५१ | ५०००००० | ४९४८४९१ |
| १० | विभिन्न किसिमका भवन सडक तथा अन्य आयोजनामा साझेदारी | ३११५९ | १५०००००० | १४७९९७७३ |
| ११ | प्रधानमन्त्री रोजगार कार्यक्रममा सामान खरिद साझेदारी | ३११५९ | ६०००००० | ५४३३००२ |
| १२ | सडकबाट क्षति भएको संरचना पुनःनिर्माण | ३११७१ | २०००००० | १२५७३४० |
| १३ | मर्मतसम्भार कोष | ३११७१ | ५८७१५५० | २१६५५९८ |
| जम्मा | | | ४७३७१५५० | ४०७१४८४१ |

## २० सेवा प्रवाह विवरण

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | जम्मा |
| --- | --- |
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | १४९० |
| मृत्युदर्ता | ९० |
| बसाईसराई दर्ता | २३ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२१ **गत आ.व. को कर दाखिला गर्न बाँकी**

आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ भुक्तानीमा करकट्टी सम्बन्धी व्यवस्था गरिएको छ । पालिकाको म.ले.प. फा.नं. २७२ को वित्तीय विवरणले भुक्तानीमा गरेको करकट्टी रू.१३,९५२।०० दाखिला नभएको देखिन्छ । तसर्थ पालिकाले कट्टी गरी दाखिला गर्न बाँकी रकम दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ । प्रमाण पेश नभएको रू.

| | |
| --- | --- |
| असुल गर्नुपर्ने | १३,९५२ |

२२ **निर्माण व्यवसायीबाट गराएको कार्य**

सार्वजनिक खर्च नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिबाट कार्य गर्ने भनी सम्झौता गरिसकेपछि उक्त कार्य निर्माण व्यवसायीबाट कार्य गराउन नहुने कुरा छ भनें ९७(१३) मा त्यसरी काम गराएको समिति र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने व्यवस्था छ । पालिकाले तपशील बमोजिमको योजनामा उपभोक्ता समितिबाट कार्य गराउने भनी कार्यादेश दिएको तर उपभोक्ता समितिले निर्माण व्यवसायीको बिल पेश गरी रु.८,७७६। ७० भुक्तानी लेखेको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउने भनी कार्यादेश लिएर निर्माण व्यवसायीको बिल पेश गर्ने कार्य नियमसम्मत देखिएन । कार्यालयले उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी कार्यविधिको पूर्णरुपमा परिपालना गर्नुपर्दछ ।यस्तै नियम

विपरित निर्माण व्यवसायीलाई काम दिने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई कालोसूचीमा राखी कारवाही गर्नुपर्दछ ।

| गो.भौ.नं., मिति | योजनाको नाम | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| ०७६,२०८०।०२।१९ | भदगाउँ देखि सुकाटियासम्म सडक निर्माण | सत्यदेवी निर्माण सेवा (६०५७३४६१६) | ७,४८,९९९।९९ |
| ७९,२०८०।०२।१९ | सेरीघाट काली नैनेलडाँडा बालाचौर ग्रामीण सडक निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा (६०५५५७२२६) | ४,९२,०४९।३८ |
| १४८,२०८०।०३।२१ | अधिकारीबाडा देखि सुकाडियासम्म सडक निर्माण | रेड इन्टरनेशनल (११७४७७६५४) | २२,४६,२६८।२४ |
| १५६,२०८०।०३।२१ | ७ नं. वडाको फिल्ड निर्माण | हिमांशु निर्माण सेवा (६०२८०४२९३) | १,७४,०२०।०० |
| १८६,२०८०।०३।२० | हेलिप्याड देखि छातीसम्म सडक निर्माण तथा मर्मत | एम.आर.एस. मल्टिप्रपोज कम्पनी (६०९७२२७८३) | ५,८८,००४।४० |
| १८८,२०८०।०३।२४ | बेउलीदेखि चौकीबजार सम्म सडक मर्मत | प्रभु निर्माण सेवा (६०३१८९८८९) | ११,५३,०१४।७४ |
| १८९,२०८०।०३।२४ | कालीदेखि बुढाघाट हुँदै राराकाटिया ग्रामीण सडक मर्मत | मानसिंह कन्स्ट्रक्सन (६०५९३५६७३) | ३,६०,०३४।९५ |
| | भर्ता सुकाटिया मुग्राहा सडक निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा (६०५५५७२२६) | ३०,१४,३२३।०० |
| जम्मा | | | ८७,७६,७१४।७० |

## २३ करारका कर्मचारीलाई महंगी भत्ता

अर्थ मन्त्रालयको मिति २०७९।१।२१ चलानी नम्बर १७१९ र पत्र संख्या ३६५-०३। ०७८।७९ को परिपत्र अनुसार करारका कर्मचारीलाई महंगी भत्ता दिन नहुने उल्लेख गरेको छ । तर पालिकाले करारका कर्मचारीलाई नियम तथा परिपत्र विपरित महंगी भत्ता दिएकाले असूल उपर हुनुपर्ने रू. ५१४६०।००

| सि.नं. | कर्मचारीको नाम | रक़म |
|---|---|---|
| १ | श्री नवराज चौलागाँई | २३७६० |
| २ | श्री तिल बहादुर शाही | २३७६० |

| | | |
|---|---|---|
| ३ | रेशम बहादुर शाही | ३९४० |
| जम्मा | | ५१४६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,४८० |

२४ **बहाल कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सवारी साधनको भाडा भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्ति तथा फर्मलाई सवारी साधनको भाडा बुझाउँदा बहाल कर कट्टा नगरेकाले नियमानुसार बहाल कर असुल हुनुपर्ने रू.

| स्रोत | भौ.नं. र मिति | भुक्तानी पाउने व्यक्ति।फर्म | रकम | बहाल कर |
|---|---|---|---|---|
| संघ सशर्त | ३८-२०८०।३।२० | श्री टंक प्रसाद जैसी | ४०००० | ४००० |
| प्रदेश सशर्त | ५२-२०८०।३।२० | श्री विरेन्द्र शाही | १५९०३० | १५९०३ |
| समानीकरण चालु | २११-२०७९।११।१० | श्री विरेन्द्र आचार्य | २०००० | २००० |
| समानीकरण चालु | २३७-२०७९।११।१२ | राधेश्याम मेडिसिन सप्लायर्स | १६००० | १६०० |
| समानीकरण चालु | ३५०-२०८०।१।४ | राधेश्याम मेडिसिन सप्लायर्स | ६८००० | ६८०० |
| समानीकरण चालु | ४१५-२०८०।२।९ | श्री गणेश सार्की | ४०००० | ४००० |
| समानीकरण चालु | ४१५-२०८०।२।९ | श्री शिव सुनार | ४०००० | ४००० |
| समानीकरण चालु | ४५५-२०८०।२।३१ | श्री गणेश भण्डारी (कट्टा गरी वितरण गरेको तर दाखिला नगरेको) | ३३३३३ | ३३३३ |
| समानीकरण चालु | ५९३-२०८०।३।२३ | अनुष्का रिजर्भ सेवा | २५००० | २५०० |
| समानीकरण चालु | ५९३-२०८०।३।२३ | श्री मान बहादुर शाही | ६०००० | ६००० |

| | | | | |
|---|---|---|---|---|
| समानीकरण चालु | ५९५-२०८०।३।२४ | श्री उजिर रोकाय | २०००० | २००० |
| समानीकरण चालु | ५९८-२०८०।३।२४ | राधेश्याम मेडिसिन सप्लायर्स | ५०५०० | ५०५० |
| | जम्मा | | ५७१८६३ | ५७१८६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,१८६ |

## २५ फरक स्रोतबाट खर्च

पालिकाले सशर्त अनुदानबाट र समानीकरण अनुदानबाट तोकिएबमोजिम खर्च गर्नुपर्दछ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन उत्कृष्ट सिकाई भएका विद्यालयका लागि सिकाई सुदृढीकरण प्रोत्साहन शसर्त अनुदानबाट खर्च गर्नुपर्ने रहेको छ तर पालिकाले गो.भौ.नं. ५६२,२०८०।०३।२० मा सशर्त अनुदानबाट लेख्नु पर्ने खर्च समानीकरण अनुदानबाट लेखेको देखिन्छ । अतः यस कार्यलाई नियमसम्मत मान्न सकिएन । अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

## २६ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान ७ दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले खरिद आदेश विना नै खरिद गरी निम्नानुसारको जिन्सी सामाग्रीहरु जिन्सी खातामा दाखिला नगरेकाले दाखिला नगर्नेलाई जिम्मेवार बनाउँदै उक्त सामाग्रीहरु जिन्सी दाखिला गरी ती सामान प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रू. ७,१३,३१३।००

| गो.भौ.नं र मिति | विवरण | फर्म | रकम |
|---|---|---|---|
| २२६-२०७९।११।११ | फर्निचर खरिद | लक्ष्मण फर्निचर उद्योग | १३५००० |
| २३५-२०७९।११।११ | विभिन्न सामाग्री | न्यू कर्णाली स्टोर | १७५५४० |
| २६५-२०७९।११।२८ | आयुर्वेदिक औषधी | कामना आयूर्वेद | २९७५९० |
| ४०१-२०८०।०२।०४ | विभिन्न सामाग्री | | १०५१८३ |
| जम्मा | | | ७१३३१३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१३,३१३ |

२७ **असम्बन्धित व्यक्तिलाई भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार कर्मचारी तथा सम्बन्धित व्यक्तिलाई मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ । तर पालिकाले निम्नानुसार असम्बन्धित व्यक्तिलाई भ्रमण खर्च दिएकाले पालिकालाई आर्थिक व्यभार परेको छ। यसप्रकार असम्बन्धित व्यक्तिलाई भ्रमणखर्च लेख्ने कर्मचारीलाई जिम्मेवार बनाई निजबाट नै असुल गरी दाखिला गर्नुपर्ने रू. १६९०००।००

| गो.भौ.नं र मिति | नाम | कार्यालय र पद | रकम |
|---|---|---|---|
| २११-२०७९।११।१० | श्री विरेन्द्र आचार्य | रेडियो शुभकालिका स्टेसन म्यानेजर | ९६००० |
| ४१९-२०८०।२।१५ | श्री विरेन्द्र आचार्य | रेडियो शुभकालिका स्टेसन म्यानेजर | २५००० |
| ५५८-२०८०।३।२० | श्री जयबहादुर महरा | स्वाबलम्बन कृषि सहकारीका अध्यक्ष | ४८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,००० |

२८ **असम्बन्धित व्यक्तिलाई मासिक बैठक**

असम्बन्धित व्यक्तिलाई मासिक बैठक भुक्तानीः पालिका तथा वडा कार्यालयले वडा समितिको मासिक बैठक भत्ता वडा अध्यक्ष, वडा सदस्य तथा वडा सचिवलाई मात्र दिनुपर्दछ । कार्यालयले वडा नं ६ को प्रशासनिक खर्च अन्तर्गत वडाको मासिक बैठकको भुक्तानी भेटनरी कर्मचारी श्री प्रकाश वि.क लाई रु. १८००० दिएकोमा कर कट्टा बाहेकको रु. १५३०० असूल हुनुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

२९ **पोषणमैत्री गाउँपालिका घोषणा कार्यक्रम**

२९.१ १.१ पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम अन्तर्गत कुखुराको चल्ला आपूर्ति गर्ने ठेक्का शिलबन्दी दरभाउपत्र बाट कर्णाली इन्नोभेसन एण्ड सप्लायर्स प्रा.लि.लाई रु.७,०७,२००।- परेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । यसमा लेयर्स चल्ला १६०० वटामध्ये वडा नं ४ लाई ४०० वटा, वडा नं ५ लाई ४०० वटा र वडा नं ७ लाई ८०० वितरण गरेको भनिएकोमा कसलाई कति वितरण गरेको छ कृषकगत वितरणको भरपाई पेश भएको छैन । त्यसैगरी पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम अन्तर्गत सरसफाई सामाग्री आपूर्ति गर्ने ठेक्का शिलबन्दी दरभाउपत्र कर्णाली इन्नोभेसन एण्ड सप्लायर्स प्रा.लि.लाई रु.८,६९,३६०।- परेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायि नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागज संलग्न हुनुपर्दछ । सुनौलो हजार दिनका आमालाई फिल्टर र हजारी, सावुन, नेलकटर वितरण गर्दा कम वितरण गरेकाले वितरण भएको प्रमाण पेश गर्नुपर्ने रू. २३७१२०।००

| सामाग्री | संख्या | मूल्य | रकम |
|---|---|---|---|
| हजारी,सावुन, र नेलकटर | ६० | ४१६ | २४९६० |

| | | | |
|---|---|---|---|
| फिल्टर | १६० | १३२६ | २१२१६० |
| जम्मा | | | २३७१२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३७,१२० |

२९.२ १.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ। पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम अन्तर्गत पोषण सुधार तथा सचेतना अभिवृद्धिका लागि पोषण मैत्री गाउँपालिका कार्यक्रम संचालनका लागि Nepal Environment and Engineering Consultancy Services Pvt. Ltd. (NEECOS) संग सम्झौता गरी रु.१६,१८,१६०।- भुक्तानी गरेको छ तर कार्यक्रमको प्रतिवेदन नभएकाले यकिन गर्न सकिएन। अतः प्रतिवेदन पेश गर्नुपर्दछ। प्रमाण पेश नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,१८,१६० |

२९.३ १.३ पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम अन्तर्गत खानेपानी तथा शौचालय निर्माणमा सिलबन्दी दरभाउ मार्फत प्रभु निर्माण सेवालाई रु.१२,२९,२६९।- भुक्तानी गरेकोमा ठेक्का सम्बन्धी विल र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१२,२५,३१३।- को कार्य भएकोमा कार्यसम्पन्नभन्दा रु.३,९५६।- बढी भुक्तानी भएको देखिन्छ । यसरी बढी भुक्तानी भएको रकम असुलउपर गरी दाखिला गर्नुपर्दछ ।

त्यसैगरी पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम अन्तर्गत पोषण सामाग्री खरिद शिलबन्दी दरभाउ मार्फत प्रभु निर्माण सेवालाई नै ठेक्का परेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । यस अन्तर्गतको स्वास्थ्यकर्मी, स्वयंसेविका तथा कर्मचारीहरुलाई ओटिसि संचालनका लागि अभिमुखिकरण तालिम संचालन तथा ओटिसि स्थापना तथा व्यवस्थापनमा रु.१,२२,१२३।- छुट्टाएकोमा रु.४६,६००।- भत्ता वितरण गरेको भरपाई रु.१०,३९०।- को बिल पेश भएको छ । बिलभर्पाईभन्दा रु.६५,१३३।०० बढी भुक्तानी भएको देखिन्छ । अतः बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्दछ । असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,०८९ |

३० **शिक्षक अभिलेख**

पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत र करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ।

## ३१ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षकदरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थीसंख्या |
|---|---|---|---|---|---|
| १ | २६ विद्यालय संख्या | ९७ | ५८ | ४१ | ५४५३ |

## ३२ शिक्षक दरबन्दी

गाँउपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरबन्दी मिलान गर्नुपर्नदछ। पालिकाले जिल्ला तथा शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि. र मा.वि. का स्थायी, अस्थायी र राहत दरबन्दी शिक्षक विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरबन्दी मिलान गरेको देखिएन। अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलब निकाशा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।

## ३३ विद्यालयगत निकासा रजिष्टर

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ।

## ३४ लेखापरीक्षणको लागी विद्यालयगत निकाशा

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ अनुसार अनुदान रकमको अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ ।गाउँपालिकले २६ वटा विद्यालयलाई लेखापरीक्षण अनुदानको रु.२,९५,०००।०० सम्बन्धित विद्यालयको खातामा निकासा गरेको छ। निकासा गरेको रकमबाट विद्यालयहरुले लेखापरीक्षण गराएको प्रतिवेदन पेश गरेको छैन। कार्यालयले विद्यालयहरुलाई लेखापरीक्षण गराए, नगराएको अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी उल्लेखित व्यहोरा अनुसारको अनुगमन गर्नुपर्नेमा गराएको देखिएन । विद्यालयहरुलाई समयमै लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्न लगाउनुपर्दछ ।

| क्र सं | विवरण | संख्या | दर | रकम |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय | ७ | १५००० | १०५००० |
| २ | आधारभुत विद्यालय | १९ | १०००० | १९०००० |
| जम्मा | | | | २९५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९५,००० |

## ३५ छात्रवृत्ति अनुदान

आर्थिक बर्ष ०७९/८० को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ मा कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा र दलित विद्यार्थीले प्रति विद्यार्थी रु.१५०० र ४०० का दरले छात्रवृत्ति पाउने व्यवस्था छ ।त्यस्तै गैरआवासिय छात्रवृत्ति विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को बुंदा नं. ५.३.४ मा छात्र वृत्ति वितरणको भर्पाइ तथा अन्य अभिलेख विद्यालयले व्यवस्थित राख्ने र वितरण भएको १५ दिन भित्र सम्बन्धित स्रोत केन्द्रमा पठाउने उल्लेख छ। पालिकाले देहायका विद्यालयलाई छात्रवृत्ति निकासा गरेकोमा विद्यालयले छात्रवृत्ति वितरणको भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | छात्राहरुको छात्रवृत्ति निकासा रकम | दलित छात्रहरुको छात्रवृत्ति निकासा रकम | जम्मा निकासा रकम |
|---|---|---|---|---|
| १ | जनता मावि छाति | १४१५०० | २४८०० | १६६३०० |
| २ | कालिका मावि वालाचौर | ३०७००० | ५२००० | ३५९००० |
| ३ | जनज्योति मावि भर्ता | १४२५०० | १२४०० | १५४९०० |
| ४ | माहादेव मावि राराकटिया | १८५००० | २२००० | २०७००० |
| ५ | दाहाल मावि सुकाटिया | १५१००० | ९६०० | १६०६०० |
| ६ | चन्द्र सुर्य मावि हाउडी | १५४५०० | १०४०० | १६४९०० |
| ७ | पंचकालिका मावि मुग्राहा | १३०००० | १६४०० | १४६४०० |
| ८ | बडिमालिका आवि थुनी | ६५५०० | ३६०० | ६९१०० |
| ९ | महादेब संज्यालवडा | १०२५०० | ५२०० | १०७७०० |
| १० | महादेब आवि संज्यालवडा | ७९००० | २४०० | ८१४०० |
| ११ | कुलदेव आवि समलागाँउ | ७४००० | ० | ७४००० |
| १२ | आजमारे आवि वाझथाला | ६२००० | ० | ६२००० |
| १३ | जनउत्थान चौकिपाटा | ७६००० | १२४०० | ८८४०० |
| १४ | भवानी आधारभुत विद्यालय ठाना | ३६००० | १५६०० | ५१६०० |
| १५ | नैनेलदेब चौलागाँई बाडा | १०६००० | १२८०० | ११८८०० |
| १६ | कुलदेब आवि सुन्दरगाँउ | ५९००० | १९२०० | ७८२०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | जनता आवि वोहरा गाँउ | २३००० | ४०० | २३४०० |
| १८ | दाहाल आवि दहचौर | २८००० | ० | २८००० |
| १९ | जनजागृति आवि सेरा | २१००० | ५२०० | २६२०० |
| २० | आर्दश आवि क्विकेल वाडा | १९००० | ४०० | १९४०० |
| २१ | भैरव आवि छेलोहान्ना | २४००० | १२८०० | ३६८०० |
| २२ | सरस्वति आवि अधिकारी वाडा | १२००० | ४०० | १२४०० |
| २३ | वाल आवि सेरी | ६००० | ० | ६००० |
| २४ | नव दुर्गा आवि मुडिकाटिया | १४००० | ८०० | १४८०० |
| २५ | सरस्वति आवि खिमली | ५००० | ० | ५००० |
| २६ | नैनलदेवि आवि पोरीवाडाँ | १८००० | ४४०० | २२४०० |
| जम्मा | | २०४१५०० | २४३२०० | २२८४७०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,८४,७०० |

३६ **भत्तामा कर छुट**

बैठक वापत भरपाई सहभागीलाई बैठक भत्ता उपलब्ध गराएकोमा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने कर कट्टी नगरेकोले सो रकम दाखिला हुनुपर्ने रु.

| गो भौ न | विवरण | छुट कर १५% |
|---|---|---|
| ३१।२०७९।१०।१९ | आँखा नाक कान घाँटि समबन्धि अभिमुखिकरण कार्यक्रम | १४१० |
| | समाजिक व्यवहार परीवर्तन भत्ता | २९४० |
| | परिवार नियोजन प्रशिक्षण कार्यक्रम | ४१४५ |
| ६९।२०७९।१२।०९ | विरेन्द्र चौलागाँई | ३६०० |
| ९२।२०७९।१२।२० | नियमित खोप सुदृढिकरण | ७०४२ |
| ९४।२०७९।१२।२१ | पोषण कार्यक्रम समिक्षा तथा योजना तर्जुमा | ६४२० |
| २५६।२०८०।०३।२२ | रोजगार रणनीति योजना तर्जुमा कार्यक्रम | ५२५० |
| २१३।२०८०।०३।२० | नवराज आचार्या | ३००० |

| | | |
|---|---|---|
| | विरेन्द्र वहादुर शाही | ३००० |
| | ऐन वहादुर शाही | २२५० |
| | तिर्थ रोक्या | १०५० |
| २०१।२०८०।०३।१९ | संस्थागत क्षमता विकाश कार्यक्रम | १३४१० |
| २६६।२०८०।०३।२४ | साक्षर नेपाल अभियान | १९२० |
| जम्मा | | ५५४३७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,४३७ |

३७ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतीका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिकतहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेसन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।यस वर्ष रु. ४५६२५० को विभिन्न सप्लायर्स बाट खरिद गरेको देखिन्छ ।

अत: झोलाको वितरण भरपाई पेश गर्नुपर्ने रु.

| गो भौ नं. | सप्लायर्स | रकम | भरपाई |
|---|---|---|---|
| ३८।२०७९।१०।२१ | सरोबर ट्रेड कन्सर्न विरेन्द्रनगर- ३, सुर्खेत | ३४८२५० | ० |
| २४७।२०८०।०३।२२ | भेरी कर्णाली फार्मेषी खाँडाचक्र-१ कालिकोट | १०८००० | ० |
| जम्मा | | ४५६२५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५६,२५० |

३८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने

मिति भण्डार दाखिला समयदेखि कम्तीम ६ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले बजेट उप शिर्षक ( गाँउपालका र संघीय सशर्त चालु) बाट रु.२३,६९,७४२।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३९ **दैनिक भ्रमण भत्ता**

फिल्ड सहायक गोपिचन्द्र तिमलसिनाको दैनिक भ्रमण भत्ता लेखापरीक्षणको क्रममा परीक्षण गर्दा भ्रमण आदेश, भ्रमण मिति र उदेश्य फरक परेको देखिन्छ। यसरी परीक्षण गर्दा सो भ्रमण कार्यालयकै कामकाजको लागी हो भन्ने उपलब्ध विवरण बाट विश्वस्त हुने आधार भएन।यस समबन्धमा देखिएको कैफियत निम्न रहेका छ।

| भ्रमण विल मिति | दिन | स्थान | उदेश्य | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २०७९।०५।०५ -२०७९।०५।१२ | ८ | पालिका देखि मान्म | लेखापरीक्षण सहजिकरणको लागी | ८८५० | दैनिक भ्रमण ७ दिन भन्दा बढिको विल पेश गरेको |
| २०७९।०४।११-२०७९।०४।२२ | १४ | पालिका देखि काठ्मान्डौ | सरकारी तथा गैरसरकारी निकाय संग समन्वय | ३७२९५ | विलमा पालिका देखि सुर्खेत र सुर्खेत देखि काठ्मान्डौ तर प्लेन टिकटको विवरणमा फरक मिति र स्थान रहेको देखिन्छ।<br>Ø नेपालगंज-काठ्मान्डौ २०२२।०७।१५(२०७९।०३।३१) र<br>Ø काठ्मान्डौ-नेपालगंज २०२२।०८।०९(२०७९।०४।२४)<br>Ø बोडिङ पास नभएको<br>Ø ७ दिन भन्दा बढिको विल पेश गरेको। |
| २०७९।०३।२८-२०७९।०४।०३ | ७ | पालिका-सुर्खेत-काठ्मान्डौ | नविकरण फारम छपाई तथा कार्यालय कामकाज | २९९५१ | विलमा पालिका देखि सुर्खेत र सुर्खेत देखि काठ्मान्डौ तर प्लेन टिकटको विवरणमा फरक मिति र स्थान रहेको देखिन्छ।<br>Ø नेपालगंज-काठ्मान्डौ २०७९।०४।१२<br>Ø काठ्मान्डौ-नेपालगंज २०७९।०४।२३<br>Ø भ्रमण विल गत आर्थिक वर्षको रहेको छ। |
| जम्मा | | | | ७६०९६ | |

| | | |
|---|---|---|
| अतः यसरी गत आ.ब. को मिति, फरक उद्देश्य र सत्य विवरण नभएकोमा निजबाट उक्त रकम असुल गर्नुपर्ने रु. | असुल गर्नुपर्ने | ७६,०९६ |

४० **घटि जमानत-** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले स्वीकृत बोलपत्रबाट खरीद कार्य गर्दा बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने र यसरी जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतभन्दा बढि घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटि कबुल गरेको छ सोको पचास प्रतिशत हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशत थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ। औषधि खरिदका लागी पालिकाले रु.१२,००,०००।- को लागत अनुमान तयार गरी इ विडिङ्ग गर्दा सबभन्दा कम मुल्य कबोल गर्ने सरोवर मेडिसिन डिष्ट्रिब्युटर्स विरेन्द्रनगर -४ सुर्खेत लाई कवोल रकम रु.५,३८,७२८।- बाट मिति गो.भौ.नं. १३२।२०८०।०२।०८ बाट भुक्तानी दिई रु.५,३८,७२८।- को औषधि खरिद भएको छ । सो ठेक्कामा कार्यसम्पादन जमानत बापत रु.२,६७,५७२।४ हुनुपर्नेमा पालिकाले रु.२६,९३६।४ को मात्र जमानत लिई खरिद सम्झौता गरेको छ। अतः घटी जमानत लिई सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ । अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४०,६३६ |

४१ **दरबन्दी बाहिर कर्मचारी**

निजामती सेवा ऐन, २०४९ वमोजिम स्वीकृत दरबन्दी भित्रका कर्मचारी राखी पालिकाको कार्यसम्पादन र सेवा प्रवाह गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको स्वास्थ्य तर्फ १७ जनाको दरबन्दी स्वीकृत भएकोमा पालिकामा १९ कार्यरत रहेको पाइयो। यसरी दरबन्दी भन्दा बढी कर्मचारी राखी निम्न रकम बढी तलब खर्च लेखेकोले अनियमित भएको रू.

| प पद | कर्मचारीको नाम | प्रति महिना तलब | १२ महिनाको | चाडपर्व | जम्मा |
|---|---|---|---|---|---|
| सि अ हे व | विर बहादुर मल्ल | ५८५०० | ७०२००० | ४३९९१।३ | ७४५९९१।३ |
| अ हे व | जनक बहादुर शाही | ४२६२४।०२ | ५११४९०।०४ | ३८३८५।०७ | ५४९८७६।१ |
| अ हे व | अशोक कुमाल | ४३८३०।०६ | ५२५९६०।७२ | ४९८८२।०४ | ५७५८४३।१२ |
| जम्मा | | | | | १८७१७१०।५२ |

| | |
|---|---|
| अनियमित भएको | १८,७१,७१०.५२ |

४२ **शिर्षक फरक पारेको**

शीर्षक फरक पारेकोः (५५-०७९/११/११) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) सम्बन्धित शीर्षकमा विनियोजित एक समुहको खर्च शीर्षकको रकम अपर्याप्त छ, सो रकम खर्च नगरेमा काममा बाधा पर्ने देखिएमा सो को स्पष्ट कारण खुलाई अर्को समुहको खर्च शीर्षकको मौज्दात बाट खर्च गरी ७ दिन

भित्र नियमित गराउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले बैकल्पिक शिक्षा कार्यक्रम तर्फका कर्मचारीहरुको पारिश्रमिक रु १० हजार संघीय सरकारको सशर्त अनुदानबाट र रू.५,०००।०० गाँउपालिकाको श्रोतबाट अनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार खर्च लेख्नुपर्नेमा ३ जना शिक्षकको पुरै तलब रू.१५,०००।०० संघीय सर्शत अनुदानबाट खर्च लेखेको छ। उक्त रकम अनियमित भएको देखिन्छ । अनियमित रू.

| शिक्षक को नाम | सिकाइ केन्द्र | तलब गएको | महिना | बढि गएको |
|---|---|---|---|---|
| पञ्चकला सिंह | श्री लाली गुराँस सामुदायिक सिकाईकेन्द्र | ५००० | ३ | १५००० |
| शान्ति कुमारी शाही | नवचेतना सामु सामुदायिक सिकाईकेन्द्र | ५००० | ३ | १५००० |
| ललिता शाही | महादेव सामुदायिक सिकाईकेन्द्र | ५००० | ३ | १५००० |

| | |
|---|---|
| अनियमित भएको | ४५,००० |

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत वडामा ४५ योजना सञ्चालन गरी यस वर्ष ८०३ जनालाई रोजगारी उपलव्ध गराई रु.२,८५,१५,०००।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४४ **शिक्षक व्यवस्थापन सूचना प्रणाली**

शिक्षक व्यवस्थापन सूचना प्रणाली EMIS कार्यक्रम कार्यान्वयन पुस्तिका (EMIS २०७९/०८०) EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिहरुको यर्थाथ तथ्याङ्कसंग सत्यापन EMIS भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कक्षा १ देखि ८ शिक्षण सिकाई तथा समाग्री तथा दिवा खाजा बाल विकाश कक्षा देखि ५ सम्म विद्यालयलाई अनुदान दिने व्यवस्था छ।पालिकाले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यर्थाथ तथ्याङ्क भिडान गरेको पाइएन। जस्ले गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। पालिकाले कार्यक्रम पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग भिडान उपलब्ध हुन नसकेको र EMIS मा प्रविष्ट तथ्याङ्क समेत अद्यावधिक नभएकोले यकिन गर्न सकिएन। पालिकाले विद्यालयको EMIS तथ्याङ्कलाई अद्यावधिक गरी

विद्यार्थी संख्याको आद्यावधिक गरी विद्यार्थी संख्याको आधार जाने निकासा बास्तविक विद्यार्थी संख्याकै आधारमा गए नगएको यकिन गर्नु पर्दछ।

४५ **प्रविधि हस्तातरण**

गरिबी निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका, २०७७ को दफा ४०, ४१ तथा ४२ मा २० प्रतिशत लागत सहभागितामा उद्यमिको लागि प्रविधि हस्तातरण गर्नसकिने, यसको लागि प्रविधि दिर्घकालिन र आय आर्जनमूलक हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रमको लागि भौचर नं १४१/२०८०।०२।२८ बाट सिलाई मेशिन तथा दालमोढ उत्पादन मेशिन खरिद गरी रु.२,९२,४९३।०० भुक्तानी गरेको छ । उक्त मापदण्ड बमोजिमि दिर्घकालिन किसिमको पूर्वाधार र आय आर्जन सृजना गर्न सक्ने पूर्वाधार मात्र प्रविधि हस्तारणमा २० प्रतिशत लागत नगदै लिएर मात्र हस्तान्तरण गर्न सकिने तर पालिकाले सो अनुसार नगरेको रु.

| | |
|---|---|
| अनियमित भएको | ५८,४९९ |

४६ **ओखर खेति कार्यक्रम**

फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल विरुवा रोपण तथा फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया, २०७७ को ३.१(ख) अनुसार कृषि तथा पशु सेवा अन्तर्गतका कार्यक्रमको अनुदान सीमा सम्वन्धित स्थानीय तहले निर्णय गरे वमोजिम हुनेछ भनि उल्लेख छ। पालिकाले कालिका स्वावलम्बन कृषि सहकारी संस्था लि. सँग मिति २०७९।०९।२७ गते गरेको सम्झौतामा पालिकाले ७५ प्रतिशत र उक्त संस्थाले २५ प्रतिशत व्यहोर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने भनी निर्णय गरेको देखिन्छ। सो अनुरुप कार्यक्रमको कुल लागत रु.१९,००,०००।०० मध्ये रु.४,७५,०००।०० सो संस्थाले र र ओ. रु.१४,२५,०००।०० पालिकाले व्यहोर्नुपर्नेमा पालिकाले गो.भौ.नं. ९९,२०८०।०१।०३ बाट रू.१५,२०,०००।०० भुक्तानी दिएको देखियो । यसरी बढी भुक्तानी भएको रू.९५,०००।०० सो संस्थाबाट असुल हुनुपर्दछ । असुलउपर रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,००० |

४७ **दोहोरो खर्च**

नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका, २०७७ बमोजिम विभिन्न समितिको बैठकमा सहभागिलाई खाजा खर्च वा बैठक भत्ता मध्ये कुनै एउटा दिन सकिने व्यवस्था रहेको छ। २०८०।०२।२४ गते किसानहरुलाई बाख्रा तालिम भनी संचालन गरेकोमा खाना खाजा स्टेशनरीको विल राखि खर्च गरेको र यस कार्यक्रमको तालिममा सहभागिलाई बैठक भत्ता दिएकोमा पुनः सशर्त चालु गो.भौ.नं. १४९,२०८०।०३।०१ मा दोहोरो खर्च लेखेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,००० |

४८ **प्रमाण बेगर भुक्तानी**

**पेश्कीबाट खर्च भुक्तानी** - संघीय सशर्त अनुदान अन्तर्गत चालु तर्फको गो.भौ. नं. ३०, २०७९।१०।१९ बाट दत्त बहादुर शाही लाई पोषण संवेदनशील कार्यक्रम संचालन गर्न रू.२,००,०००।०० पेश्की र रु. ३,००,०००।०० भुक्तानी दिएकोसमेत रू.५,००,०००।०० निजलाई भुक्तानी दिएकोमा सोधभर्ना भुक्तानी

दिएको रू.३,००,०००।०० बाट कार्यक्रम संचालन गरेको बिल भर्पाई, कार्यक्रम सम्पन्न प्रतिवेदन लगायत कुनै पनि कागजात बेगर खर्च लेखेकोले सो रकम निजबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,००० |

**४९ पकेट विकास कार्यक्रम**

४९.१ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिमको पकेट कार्यकोलागि गरिने खरिद कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम एक आर्थिक वर्षमा ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा अन्य सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम (१क) मा एक आर्थिक वर्षमा एउटै फर्मवाट एकै पटक वा पटकपटक गरी सो सिमाभन्दा बढी रकमको सोझै खरिद गर्न नसिकने व्यवस्था छ । पालिकाले विभिन्न क्षेत्र तथा कृषक समुहसँगको साझेदारीमा पकेट सञ्चालनको लागि सामाग्री खरिद गरेकोमा उक्त सामाग्री एउटै फर्मबाट खरिद गरेको देखियो । यसरी फरक फरक उपभोक्ता समिति भएतापनि एउटै फर्मबाट सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी खरिद गर्नुपर्दछ । यसका उदाहरणहरु देहाय बमोजिम रहेको छः

| गो.भौ.नं र मिति | फर्मको नाम | खरिद गरेको फर्म | विजक नं र मिति | रकम |
|---|---|---|---|---|
| १३८।२०८०।०२।१६ | डाँफे मुनाल विउ आलु उत्पादन कृषक समुह | राजस्व कृषि फर्म जुम्ला | १३१।२०६९।११।१९ | ३५०००० |
| १३८।२०८०।०२।१६ | लेकाली विउ आलु उत्पादन कृषक समुह | राजस्व कृषि फर्म जुम्ला | १३०।२०६९।११।१९ | ३५०००० |
| १३८।२०८०।०२।१६ | श्री लाली गुराँस विउ आलु उत्पादन कृषक समुह | राजस्व कृषि फर्म जुम्ला | १३।२०६९।११।१९ | ३५०००० |
| जम्मा | | | | १०५०००० |

४९.२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री (कृषि बीउ बिजन, वेर्ना, माछा, भुरा लगायत नश्ल सुधार) कार्यमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध हुने व्यवस्था छ भने कुल लागत अनुमानको ५० प्रतिशत हिस्सा सम्बन्धित लाभग्राहीले व्यहोर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको देहायको पकेट कार्यक्रममा कृषक समूहहरुसँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा कृषक समूहहरुले उक्त म्यानुअल बमोजिमको लागत व्यहोरेको देखिएन । यसरी पालिकाले बढी अनुदान दिएको रकम सम्बन्धित लाभग्राहीहरुबाट असुल हुनुपर्ने रु.

| फर्मको नाम | गोश्वरा भौचर र मिति | भुक्तानी पाउनेकोनाम | कुल लागत अनुमान | कार्यालयले भुक्तानी रकम | न्यून लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|---|---|
| डाँफे मुनाल विउ आलु उत्पादन कृषक समुह | १३८।२०८०।०२।१७ | राजश्व कृषि फर्म | ५०००००० | ४०००००० | १०००००० | पालिकाले कुनै पनि सुचना विना उल्लेखित फर्मसंग सम्झौताको आधारमा |
| लेकाली विउ आलु उत्पादन कृषक समुह | १३८।२०८०।०२।१७ | राजश्व कृषि फर्म<br>जुम्ला | ५०००००० | ४०००००० | १०००००० | |
| श्री लाली गुराँस विउ आलु उत्पादन कृषक समुह | १३८।२०८०।०२।१७ | राजश्व कृषि फर्म<br>जुम्ला | ५०००००० | ४०००००० | १०००००० | |
| हाउडि बाखा पकेट कार्यक्रम | १४९।२०८०।०३।०१ | ईश्वर कृषि तथा पशुपंक्षी फर्म भैरवी | १८७५००० | १५००००० | ९३७५०० | कोटेशनबाट खरिद भएको |
| सृजनशिल बाखाको मासुमा आत्मनिर्भर समिति | १८७।२०८०।०३।१३ | ईश्वर कृषि तथा पशुपंक्षी फर्म भैरवी | १५००००० | १५००००० | ७५०००० | |
| जम्मा | | | ४८७५००० | ४२००००० | १९८७५०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८७,५०० |

४९.३ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ४ मा पकेट विकास क्रियाकलाप अन्तर्गत सञ्चालित कार्यक्रमहरुको एकल वा संयुक्ता रुपमा स्थानीय तहले अनुगमन गरी सोको प्रतिवेदन परियोजना कार्यान्वयन इकाइ वा प्रदेश कृषि/पशु कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको पकेट कार्यक्रममा विउ विजन तथा पशुहरु कृषकलाई भरपाईको नरी वितरण गरेकोमा उक्त विउ विजनहरु कृषकले लगाए नलगाएको वा पशु नश्ल सुधारको कार्यक्रमहरु सञ्चालन भएको अवस्थामा सोको प्रगति लेखापरीक्षण अवधिसम्म पेश हुन आएन। यसबाट पकेट कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले म्यानुअलको व्यवस्था बमोजिम निरन्तर पकेटको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४९.४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा वर्ग तथा समुहले अनुसुचि १० को

ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पकेट क्षेत्रको सञ्चालन तथा निरन्तरताको कार्यक्रम सञ्चालन गरेको भएतापनि कुनै पनि सूचना एवं आवेदन तथा मूल्याङ्कन समेत नगरी शुभकालिका भित्रका विभिन्न स्थानहरुमा पकेट सञ्चालनको लागि व्यवसायिक फर्मवाट विउ तथा सामाग्री खरिद गरी सिधै व्यवसायिक फर्मलाई भुक्तानी दिएको साथै एउटा मात्र फर्मसाग सम्झौता गरी रकम भुक्तानी गरेको छ । यसरी म्यानुअलले स्पष्ट गरेको छनौट प्रकृया र विधि बमोजिम पकेट क्षेत्रको पहिचान र अनुदान वितरण गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ ।

## ५० पाठ्य पुस्तक खरिद

कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. २.४.६.१ मा IEMIS अनुसार प्रविष्टि तथ्यांकसँग सत्यापन गराई यकिन संख्याका आधारमा तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तकवापतको रकम अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र अनुदान दिने र बाँकि २५ प्रतिशत अनुदान शैक्षिक शत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप अनुदान दिने उल्लेख छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्यांक सँग सत्यापन गराई यकिन संख्याको आधारमा पहिलो पटकमै १०० प्रतिशत निकासा दिएको विद्यार्थी भर्ना संख्या, पुस्तक खरिद विल तथा वितरणको भर्पाईको आधारमा नपुग भएमात्र सोधभर्ना भुक्तानि दिनुपर्नेमा १०० प्रतिशत रकम पुरै भुक्तानि दिएको देखियो। पालिकाले १०० प्रतिशत निकासा दिएको विद्यालयलाई विल तथा वितरणको भर्पाइ पेश वेगर भुक्तानि दिएको तर हालसम्म पनि विल भर्पाइ पेश नभएकोले विल भर्पाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,३८,०५९ |

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५१ समाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति नै गठन नगरेकोले निर्देशिका अनुसारको समिति गठन गरि क्रियाशिल हुनुपर्ने देखिन्छ ।

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानीय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। अतः पालिकाबाट निकासा गरिएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यु भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९-०८० मा कुनैपनि लाभग्राहीको लगत कट्टा गरेको थप गरेको अद्यावधिक विवरण उपलब्ध नगराएको हुँदा यस सम्बन्धमा यकिन गर्न सकिएन। लगत कट्टा नगरी लाभग्राहीको खातामा भत्ता निकासा दिंदा मृत्यु भएका, बसाइँ सरी गएका, एकल वा विधवा महिलाले विवाह गरेका, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएका, नवीकरण नगरेका, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेका खाता निष्क्रिय भएका वा अयोग्य व्यक्तिको नाममा रकम निकासा भएको छैन भन्न सकिएन ।

**५२ आनुपातिक अंश कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिदाँ लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा सोही अनुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायनुसारको रकम असूल हुनुपर्ने रू. १८७३२।००

| गो.भौ.नं र मिति | उपभोक्ता समिति | सम्झौता रकम | कार्यसम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने प्रतिशत | उपभोक्ताले व्यहोर्ने रकम | कट्टी भएको रकम | घटी आनुपातिक कट्टी |
|---|---|---|---|---|---|---|---|
| १०-२०७९।११।२८ | श्री सरस्वती आ.वि भवन निर्माण उ.स | २३१६१५३.७४ | २१८७०६०.३१ | १७.९६ | ३९२७९६ | ३७४०६४ | १८७३२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७३२ |

**५३ सर्भे र डिजाइन बापत कर्मचारीलाई भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसकेमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आफ्नै जनशक्तिबाट गौंजाढाउखाँडा पोदाला हुँदै विद्यालय जोड्ने सडकको सर्भे तथा डिजाइनको कार्य गराएको तर परामर्श खरिद सेवाको रुपमा पालिकाका सव-इन्जिनियर श्री अनिपाल शाहीलाई रु.१,७५,०००।- भुक्तानी गरेको देखिन्छ । यसरी पालिकाको आफ्नै जनशक्तिबाट कार्य गराई परामर्श सेवा खरिदबापत खर्च लेखिने कार्यलाई नियमसम्मत मान्न सकिएन । अनियमित भएको रू. १,७५,०००।००

| | |
|---|---|
| अनियमित भएको | १,७५,००० |

## ५४ बढी प्रशिक्षण भत्ता

कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरीय सिप विकास तालिममा कक्षा सञ्चालन वापत रु.१,५००।- का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय मेलमिलापकर्ताहरुका लागि क्षमता अभिबृद्धि तालिममा प्रशिक्षकहरुलाई प्रशिक्षण वापत निर्देशिका विपरित भुक्तानी गरेको छ ।यसरी बढी भुक्तानी भएको कर बाहेकको रू.१७,०००।०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| नाम | पद | सेशन | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | कर बाहेक भुक्तानी |
|---|---|---|---|---|---|
| श्री धर्मकला शाही | उपाध्यक्ष | ६ | १५०० | ४००० | १२७५० |
| श्री गणेश शाही | नि. प्र.प्र.अ | २ | १५०० | ४००० | ४२५० |
| जम्मा | | | | | १७००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

## ५५ प्रमाण विना भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । गो.भौ.नं २११-२०७९।११।१० मा रेडियो शुभकालिकाका स्टेशन म्यानेजर श्री वीरेन्द्र आचार्यलाई भ्रमण खर्च भुक्तानी गर्दा मिति २०७९।१०।१८ मा काठमाण्डौ देखी सुर्खेत प्लेनमा आएको टिकट मात्र पेश गरी रु.११,००५।- बोर्डिङ पास विना भुक्तानी भएकोले बोर्डिङ पास पेश गर्नुपर्दछ अन्यथा निजबाट असुलउपर गरी दाखिला गर्नुपर्ने रू.११,००५।०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । गो.भौ.नं ५६४-२०८०।३।२० मा शिक्षा शाखाका विभिन्न कार्यक्रम शीर्षकबाट शिक्षाको EMIS कार्यक्रम स जम्मा रु.१,७५,०००।- मा कर कट्टा गरी रु.१,५८,८७५।- प्रशिक्षक श्री वीरेन्द्र बहादुर शाहीलाई भुक्तानी गरेको छ । निजलाई उक्त रकम कुन प्रयोजनमा दिइयो भन्ने नखुलेकाले कार्यक्रमको प्रतिवेदन र भरपाई पेश गर्नुपर्दछ अन्यथा असुलउपर गरी दाखिला गर्नुपर्ने रू.१,५८,८७५।००.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,८८० |

## ५६ अध्यक्ष युवा स्वरोजगार कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले अध्यक्ष युवा स्वरोजगार कार्यक्रम (२२५२२) शीर्षकमा रू. ३० लाख विनियोजन गरेको र सो शीर्षकबाट रू.२९,३६,५११।०० खर्च

लेखेको देखिन्छ ।तपशील बमोजिमको खर्चको विवरण र उपयोगिता विश्लेषण गर्दा उक्त खर्चले युवा स्वरोजगार अभिवृद्धि हुने कुनै कार्य नगरेकोले सो खर्च उद्देश्य विपरित देखिएको छ । अनियमित रू.२९,३६,५११।००

| गो.भौ. नं., मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ४१५।२०८०।०२।०९ | खाजाखानाको बिल (कर्णाली कोपिला स्याहार केन्द्र) | दुर्ग प्रसाद आचार्य | ९०००० |
| ४४७,२०८०।०२।१९ | विपद् व्यवस्थापनको लागि अनुदान | कोलेनिका कालीकोट | ११२३७९ |
| ५५७,२०८०।०३।३० | खाजाखानाको बिल (कर्णाली कोपिला स्याहार केन्द्र) | कर्णाली कोपिला स्याहार केन्द्र | २४०८८२ |
| ५५७,२०८०।०३।३० | इलेक्ट्रिक सामान खरिद | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ७७८३५७ |
| ५५७,२०८०।०३।३० | बिलबमोजिमको रकम भुक्तानी | जयलक्ष्मी इन्टरप्राइजेज एण्ड जनरल सप्लायर्स | २१३०४७ |
| ५५७,२०८०।०३।३० | बिलबमोजिमको रकम भुक्तानी | टिकावली स्टोर एण्ड अर्डर सप्लायर्स | २०५७०६ |
| ५५७,२०८०।०३।३० | बिलबमोजिमको रकम भुक्तानी | निभान इन्टरप्राइजेज | ४८६१४० |
| जम्मा | | | २९३६५११ |

| | |
|---|---|
| अनियमित भएको | २९,३६,५११ |

## ५७ उपाध्यक्ष महिला विशेष कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपाध्यक्ष महिला विशेष कार्यक्रम शीर्षक (२२५२२)मा रू. ३० लाख विनियोजन गरेको र सो शीर्षकबाट रू.२६,५८,७८८।०० खर्च लेखेको देखिन्छ । तपशील बमोजिमको कार्यक्रमबाट के कस्तो काममा कुन प्रकृयाबाट खर्च गर्ने हो सो बारेमा पालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत गरेको देखिएन साथै खर्चको विवरण र उपयोगिता विश्लेषण गर्दा उक्त खर्चले उपयोगिता सिर्जना गरी प्रभावकारिता अभिवृद्धि हुने कुनै कार्य गरेको पाइएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । अनियमित रू.

| गो.भौ. नं., मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ११४,२०७९।१०।१७ | स्मार्ट कार्डको रकम भुक्तानी | डि.बि. सप्लायर्स | ७२७१५५ |
| १४०,२०७९।१०।१९ | भेण्डिङ मेशिन खरिदको भुक्तानी | रेड इन्टरनेशनल | ९८०८४० |

| | | | |
|---|---|---|---|
| १४३,२०७९।१०।२० | विपन्न परिवारलाई खाद्यान्न वितरण | गोविचन्द्र तिमिल्सिना, सहायक पाचौं | ६०९३०० |
| ४६७,२०८०।०२।३२ | पाइप खरिद | न्यू नितेश ट्रेडर्स | २००६८८ |
| ५२७,२०८०।०३।१३ | बालबालिका कार्यक्रमको बिल | पार्वती भट्टराई, न्यायिक समितिको कर्मचारी | ४१९०० |
| ५७७,२०८०।०३।२१ | बिलबमोजिमको रकम भुक्तानी | दर्शना शाही | १७५१० |
| ५७७,२०८०।०३।२१ | बिलबमोजिमको रकम भुक्तानी | महादेव कृष्णदूत कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८१३९५ |
| जम्मा | | | २६५८७८८ |

| | |
|---|---|
| अनियमित भएको | २६,५८,७८८ |

५८ **लागत अनुमान बमोजिम काम नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० अनुसार बनाएको लागत अनुमान बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले रु.८,४४,५७९।- को लागत अनुमान बनाएर संघीय सशर्त पूँजीगततर्फ गो.भौ. नं. ११ बाट धलपुरा देवता मन्दिर संरक्षण उपभोक्ता समितिलाई रु.२,१०,०००।- पेश्की दिएकोमा उक्त समितिले लिएको पेश्की बराबरको मात्र कार्यसम्पन्न प्रतिवेदन रहेको छ । यसरी लागत अनुमान विपरित न्यून रकमको कार्यसम्पन्न हुँदा अपेक्षित कार्य नहुँदा सरकारी रकमको सदुपयोग नहुने देखिन्छ। यसरी अधुरो कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरेको सम्बन्धमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने र भुक्तानी दिनेलाई जिम्मेवार बनाई सो कामको यकिन गर्नुपर्ने रू.२,१०,०००।००

| | |
|---|---|
| अनियमित भएको | २,१०,००० |

५९ **पूँजीगत बजेटबाट चालु खर्चमा भुक्तानी**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले अनुसूचीमा उल्लेख भए बमोजिमका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.११,९८,०००/० भुक्तानी दिएको छ । अनियमित रू.

| गो.भौ.नं., मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २,२०७९।०६।०६ | दत्त बहादुर शाही | विभिन्न बिलहरुको भुक्तानी | २,५८,९९५।०० |
| ५२,२०८०।०२।०३ | प्रकाश बहादुर शाही | चिया, नास्ता, खेल सामाग्रीको बिल भुक्तानी | ५४,५१६।०० |

| | | | |
|---|---|---|---|
| ५३,२०८०।०२।०३ | इनर्जी प्रा.लि. | विभिन्न बिलहरुको भुक्तानी | २,११,८४२।०० |
| ५३,२०८०।०२।०२ | बिनोद प्रसाद अधिकारी | विभिन्न बिलहरुको भुक्तानी | २९,०२४।०० |
| ५४,२०८०।०२।०३ | बिनोद प्रसाद अधिकारी | कार्यालयको फाइल खरिद | १,५३,६२१।०० |
| ५६,२०८०।०२।०५ | बिनोद प्रसाद अधिकारी | कार्यालयमा सामान खरिद | १५,५००।०० |
| ५९,२०८०।०२।०८ | श्री जनज्योति वातावरण सरसफाइ युवा क्लब | जर्सी तथा जुत्ता खरिद | २६,५५०।०० |
| ६६,२०८०।०२।०९ | एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि. | इन्टरनेटको बिल भुक्तानी | १,४७,९६०।०० |
| १८१,२०८०।०२।२४ | कर्मचारी तथा जनप्रतिनिधिको खाता | बैठकभत्ता लगायतको बिल भुक्तानी | ३,००,०००।०० |
| जम्मा | | | ११,९८,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | ११,९८,००० |

६० **शीर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ मा सरकारी बजेट खर्च गर्दा जुन शीर्षकमा बजेट विनियोजन भएको हो, सोही शीर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपशील बमोजिमको कार्यक्रम/क्रियाकलाप/योजनाहरुमा शीर्षक फरक पारी खर्च लेखेको देखिन्छ । अतः शीर्षक फरक पारी लेखिएको खर्चलाई नियमसम्मत मान्न सकिएन । यसरी नियम विपरित खर्च गर्ने र भुक्तानी दिने दुबैलाई जिम्मेवार बनाउनुपर्दछ । अनियमित भएको रू.

| गो.भौ.नं., मिति | क्रियाकलापको नाम | खरिद भएको शीर्षक | रकम |
|---|---|---|---|
| ४०,२०८०।०१।०७ | ल्यापटप तथा डेक्सटप खरिद | बाईक खरिद | ७१४७६० |
| ५८,२०८०।०२।०८ | एम्बुलेन्स खरिद | गाडीभाडाको रकम भुक्तानी | ३१४५०० |
| ६२,२०८०।०२।०९ | एम्बुलेन्स खरिद | विविध बिल बमोजिमका रकम भुक्तानी | ११४४००० |
| ८१,२०८०।०२।२९ | एम्बुलेन्स खरिद र सडकबाट क्षति भएका संरचना पुनःनिर्माण | बाइक मर्मत | १२३८४० |
| ११२,२०८०।०३।०४ | सडकबाट क्षति भएका संरचना पुनःनिर्माण | राहत वितरण | २५,००० |
| ११४,२०८०।०३।०३ | उन्नत जातको बाखा वितरण | विरुवा वितरण | ४००००० |
| ११५,२०८०।०३।०८ | सडकबाट क्षति भएका संरचना पुनःनिर्माण | गाडीभाडाको रकम भुक्तानी | ४५,००० |
| ११७,२०८०।०३।०९ | मेशिनरी तथा औजार | राँगा खरिद | ८५,००० |

| | | | |
|---|---|---|---|
| १२१,२०८०।०३।१३ | मेशिनरी तथा औजार | जुत्ता र जर्सी कपडा खरिदको बिल भुक्तानी | ३२,४०० |
| १७०,२०८०।०३।२३ | विभिन्न किसिमका भवन सडक तथा अन्य आयोजनामा साझेदार | अति विपन्नलाई घर निर्माण | ३५०००० |
| ५९७,२०८०।०३।२४ | शिक्षक करार कर्मचारी तलबभत्ता | विविध बिल बमोजिमका रकम भुक्तानी | ९४८४११ |
| ५९८,२०८०।०३।२४ | सीप विकास जनचेतना तालिम र गोष्ठी | मर्मतसम्भार खर्च | १४७७०० |
| ५९८,२०८०।०३।२४ | पदाधिकारी अन्य सुबिधा | मर्मतसम्भार खर्च | ११६७८५३ |
| ६०३,२०८०।०३।२४ | पदाधिकारी बैठक भत्ता | दैनिक भ्रमण भत्ता | ५६३२०० |
| जम्मा | | | ६०६१६६४ |

| | |
|---|---|
| अनियमित भएको | ६०,६१,६६४ |

६१ **बढी भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ नियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले देहायको भुक्तानीमा बिलभर्पाई, प्रमाण कागजात भन्दा बढी भुक्तानी दिएको देखिन्छ । अतः बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुर हुनुपर्ने रू.

| गो.भौ.नं., मिति | भक्तानी पाउने | जम्मा भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|
| ९८, २०८०।०३।०१ | स्कूल घेरावार तथा फर्निचर व्यवस्थापन शीर्षकबाट श्री महादेव मा.वि. | ९,९३,२४०।०० | १,०५,४१८।०० |
| १०८, २०८०।०३।०४ | टिमुरे गैरा नैनल देवताको मन्दिर निर्माणबाट उपभोक्ता समिति | ३,४२,०००।०० | १,११,१३२।०० |
| ११०, २०८०।०३।०४ | ढाङ्ग्रे मुला च्याङ्ग्रा खानेपानी मर्मत शीर्षकबाट उपभोक्ता समिति | २,८८,०००।०० | ७०,६०८।०० |
| १२८, २०८०।०३।१८ | सान्बाडा खानेपानी निर्माणबाट उपभोक्ता समिति | ६,४२,२९१।०० | ७२,७६३।०० |
| १३२, २०८०।०३।१९ | माथिल्लो हाउडी खानेपानी शीर्षकबाट उपभोक्ता समिति | १३,७३,३३३।०० | १,४२,३१३।०० |
| १४२, २०८०।०३।२० | सागथला खानेपानी सरसफाई शीर्षकबाट उपभोक्ता समिति | १८,४३,५४७।०० | २,९७,५००।०० |
| १४५, २०८०।०३।२० | माथिल्लो सङ्याालबाडा खानेपानी तथा सरसफाई शीर्षकबाट उपभोक्ता समिति | १५,१२,५३८।०० | ४,२३,८१६।०० |
| १६८, २०८०।०३।२३ | धानु ठिगेनी गेरमूल खानेपानी तथा सरसफाईबाट उपभोक्ता समिति | १३,०३,१००।०० | २,५९,६७९।०० |

| | | | |
|---|---|---|---|
| १६९, २०८०।०३।२३ | श्री महादेव आ.वि.को भवन निर्माणबाट श्री महादेव मा.वि. | २०,३२,४१०।०० | ३,७४,९८९।०० |
| १८६, २०८०।०३।२४ | हेलिप्याड देखि छातीसम्म सडक निर्माणबाट उपभोक्ता समिति | ५,८८,००४।४० | ३२,०७३।०० |
| १८७, २०८०।०३।२४ | गविरादेखि कैलाशसम्म सडक निर्माण शीर्षकबाट उपभोक्ता समिति | २४,९१,८७५।०० | ५४,७१४।०० |
| जम्मा | | १३३९१३३८।४० | १९,४५,००५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,४५,००५ |

६२ **मतदाता शिक्षा स्वयंसेविकाको पारिश्रमिक**

पालिकाले चालुतर्फ गो.भौ.नं. ५८७,२०८०।०३।२३ मा पदाधिकारी बैठकभत्ता शीर्षकबाट मतदाता शिक्षा स्वयंसेविकाको पारिश्रमिक भनी अमृता अधिकारीलाई रू.१,७०,०००।०० भुक्तानी दिएको छ । सो कर्मचारीको नियुक्ति देखि अन्य सेवासुबिधा सम्बन्धी कुनै प्रमाण कागजात लेखापरीक्षण भएन । मतदाता शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्मेवारी निर्वाचन आयोगको रहेको र सो कार्यको लागि जिल्ला निर्वाचन कार्यालयमा बजेट व्यवस्था हुने गरेको छ । सो कार्य पालिकाको जिम्मेवारीमा नपर्ने देखिएकोले निजलाई पारिश्रमिक भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई खर्च पुष्टि हुने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रू.१,७०,०००।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०,००० |

६३ **असम्बन्धितलाई भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ । सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा पदाधिकारीले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन । यसप्रकार कानूनी प्रचलन प्रतिकूल कर्मचारी वा पदाधिकारीलाई भुक्तानी दिने कार्य उपयुक्त नदेखिएकोले त्यस्ता कारोबार सम्बन्धमा सत्यतथ्य छानबिन गरी यकिन हुनुपर्ने, जुन फर्म/संस्थाको बिल पेश भएको छ ती संस्था/फर्मले रकम प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने र व्यक्तिलाई सोधभर्ना दिने परिपाटीमा नियन्त्रण हुनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १,३०,३८,५४४ |

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **भुक्तानीमा करकट्टी**

आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ भुक्तानीमा करकट्टी सम्बन्धी व्यवस्था गरिएको छ ।पालिकाले तपशील बमोजिमको योजनाहरुमा सामाजिक सुरक्षा करकट्टी नगरेको रु.१,३५,८११।७० अग्रीम आयकर कट्टी नगरेको वा कम गरेको रू.७२,८६७।०० र बहाल करकट्टी नगरेको गरी जम्मा रू.३६,९८०।०० दाखिला गरेको पाइएन । अतः पालिकाले भुक्तानी दिंदा आयकर ऐन, २०५८ र प्रचलित कानून बमोजिम गर्नुपर्दछ । अनुसूची १७ बमोजिमको रकम असुल गरी दाखिला गर्नुपर्ने कर रू. २,४५,६५८।७०

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४५,६५८.७ |

**(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान** - शुभ कालीका गाउँपालिका, कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गणेश बहादुर शाही | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नन्द बहादुर शाही | २०७९-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,३१५,४३५.७ | ५१,७६८,६९९.५२ | ९,५२९,७९० | ० | ० | ६५४,५५९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६७,२६८,४८४.२२ |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६७,२६८,४८४.२२ |

**स्थानीय तह-**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१२७२३१९.३९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८८२०५६०४ | **चालु खर्च** | ३१८६५४७१४.१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३९६२४०८९ | **पूँजीगत खर्च** | ७७८४९८३३.५९ |
| **राजश्व बाँडफाँट** | ६२२४२९०२.१८ | **वित्तीय/अन्य व्यवस्था** | २२३४१७९८.८१ |
| **आन्तरिक आय** | ९८५६१११.७८ | | |
| **अन्य आय** | ०.० | | |
| **कुल आय** | ३९९९२८७०६.९६ | **कुल खर्च** | ४१८८४६३४६.५ |
| **बाँकी मौज्दात** | | २३५४६७९.८५ | |

**बेरूजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची -२**

| सि.नं. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | सम्झौता रकम With VAT | हाल सम्म भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | SRM/KKT/GOODS/SQ/०१/०७९-०८० | Procurement of Construction Handtools/PPE and Supply of it. (LISP-Pilot) | Thapa Traders and Order Suppliers Manma Kalikot | ७७९१५७.६ | ७७९१५७.६ |
| २ | SRM/KKT/GOODS/SQ/०२/०७९-०८० | Procurement of Fabrications steel parts and Supply up to road head of Dungrakhola Suspended Bridge | SK Engineering Industries Butwal | ७९७७१२.७१ | ७९७७१२.७१ |
| ३ | SRM/KKT/GOODS/SQ/०३/०७९-०८० | Procurement of Fabrications steel parts and Supply up to road head of Dungrakhola Suspended Bridge | SK Engineering Industries Butwal | ११४७२७८.३९ | ११४७२७८.३९ |
| ४ | SRM/KKT/GOODS/SQ/०४/०७९-०८० | Procurement and Delivery of Construction Materials-Tolipata DWSS | Thapa Traders and Order Suppliers Manma Kalikot | ८९२८३८.४३ | ८९२८३८.४३ |
| ५ | SRM/KKT/GOODS/SQ/०५/०७९-०८० | Procurement and Delivery of Construction Materials (Haudigadh Irrigation) | Thapa Traders and Order Suppliers Manma Kalikot | १९६०९५७.७ | १९६०९५७.७ |
| ६ | SRM/KKT/GOODS/SQ/०६/०७९-०८० | Procurement and Delivery of Medical Items for Medical Items | Sarobar Medicine Distributors Birendranagar-३, Surkhet | ५३८७१८.०९ | ५३८७१८.०९ |
| ७ | SRM/KKT/GOODS/SQ/०७/०७८-०७९ | Procurement of Construction Materials(Byauli Dahachaur Kimadikhan Road)-LISP Pilot | Rara Hardware Pvt.ltd Birendranagar-३,Surkhet | १८०४४६१.९८ | १८०४४६१.९८ |
| ८ | SRM/KKT/GOODS/SQ/०८/०७९-०८० | Procurement of Construction Materials(Dautha Rarakatiya Adhikaribada Road)-LISP Pilot | Thapa Traders and Order Suppliers Manma Kalikot | १९६९०४३.३७ | १९६९०४३.३७ |
| ९ | SRM/KKT/GOODS/SQ/०९/०७९-०८० | Procurement of Construction Materials(Kali Chhelohanna Bharta Road Rehabilitations )-LISP Pilot | Thapa Traders and Order Suppliers Manma Kalikot | १६२२४२३.५२ | १६२२४२३.५२ |
| १० | SRM/KKT/WORKS/SQ/२/२०७९-२०८० | Construction(Rehabitation) of drinking water supply system and toilet | Prabhu Nirman and | १२२९२६९ | १२२९२६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | order suppliers | | |
| ११ | SRM/KKT/WORKS/SQ/०३/२०७९-२०८० | Construction of Khukhura Khor | Prabhu Nirman and order suppliers | १०५००१२ | १०५००१२ |
| १२ | SRM/KKT/GOODS/SQ/१०/२०७९-२०८० | Procurement and supply of kukhura challa | Karnali Innovation and Order Supplyers | ७०७२०० | ७०७२०० |
| १३ | SRM/KKT/GOODS/SQ/११/२०७९-२०८० | Procurement and supply of Agriculture Products/Materials | Surya Nirman and order suppliers | ११६१९५२ | ११६१९५२ |
| १४ | SRM/KKT/GOODS/SQ/१२/२०७९/०८० | Procurement and supply of WASH Materials | Karnali Innovation and Order Supplyers | ८६९३६० | ८६९३६० |
| १५ | SRM/KKT/GOODS/SQ/१३/२०७९-२०८० | Procurement and supply of Nutrition Materials | Prabhu Nirman and order suppliers | ४८३१२३ | ४८३१२३ |

## बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -३

| क. सं . | भौ. च . न .र मिति | विद्यालयको नाम | १००% अनुदान | छुट निकाशा | जम्मा निकाशा |
|---|---|---|---|---|---|
| १ | १०९।२०८०।०१।०७ | जनता मावि छाति | १७६९८६ | | १७६९८६ |
| २ | १०९।२०८०।०१।०७ | कालिका मावि वालाचौर | ३५२८०७ | | ३५२८०७ |
| ३ | १०९।२०८०।०१।०७ | जनज्योति मावि भर्ता | १८३०६४ | | १८३०६४ |
| ४ | १०९।२०८०।०१।०७ | माहादेव मावि राराकटिया | १६९५५७ | | १६९५५७ |
| ५ | १०९।२०८०।०१।०७ | दाहाल मावि सुकाटिया | १४९६४५ | | १४९६४५ |
| ६ | १०९।२०८०।०१।०७ | चन्द्र सुर्य मावि हाउडी | १५७८४२ | | १५७८४२ |
| ७ | १०९।२०८०।०१।०७ | पंचकालिका मावि मुग्राहा | १३४७११ | | १३४७११ |
| ८ | १०९।२०८०।०१।०७ | बडिमालिका आवि थुनी | ७७०९४ | | ७७०९४ |
| ९ | १०९।२०८०।०१।०७ | महादेब संज्यालवडा | ११४२५२ | | ११४२५२ |
| १० | १०९।२०८०।०१।०७ | महादेब आवि संज्यालवडा | ७४१८२ | | ७४१८२ |
| ११ | १०९।२०८०।०१।०७ | कुलदेव आवि समलागाँउ | ६५९२८ | | ६५९२८ |
| १२ | १०९।२०८०।०१।०७ | आजमारे आवि वाझथाला | ७१९९१ | १४४५९ | ८६४५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | १०९।२०८०।०१।०७ | जनउत्थान चौकिपाटा | ९८७५७ | | ९८७५७ |
| १४ | १०९।२०८०।०१।०७ | भवानी आधारभुत विद्यालय ठाना | ५०३७० | | ५०३७० |
| १५ | १०९।२०८०।०१।०७ | नैनेलदेब चौलागाँई बाडा | १५८७८५ | | १५८७८५ |
| १६ | १०९।२०८०।०१।०७ | कुलदेब आवि सुन्दरगाँउ | ६७४९६ | | ६७४९६ |
| १७ | १०९।२०८०।०१।०७ | जनता आवि वोहरा गाँउ | २६७७९ | | २६७७९ |
| १८ | १०९।२०८०।०१।०७ | दाहाल आवि दहचौर | ३४५१२ | | ३४५१२ |
| १९ | १०९।२०८०।०१।०७ | जनजागृति आवि सेरा | ३१९४७ | | ३१९४७ |
| २० | १०९।२०८०।०१।०७ | आर्दश आवि क्विकेल वाडा | २२५३७ | | २२५३७ |
| २१ | १०९।२०८०।०१।०७ | भैरव आवि छेलोहान्ना | २९४६१ | | २९४६१ |
| २२ | १०९।२०८०।०१।०७ | सरस्वति आवि अधिकारी वाडा | १२७३९ | | १२७३९ |
| २३ | १०९।२०८०।०१।०७ | वाल आवि सेरी | ८२९५ | | ८२९५ |
| २४ | १०९।२०८०।०१।०७ | नव दुर्गा आवि मुडिकाटिया | १४२६६ | | १४२६६ |
| २५ | १०९।२०८०।०१।०७ | सरस्वती आवि खिमली | ५४९८ | | ५४९८ |
| २६ | १०९।२०८०।०१।०७ | नैनलदेवि आवि पोरीवाडाँ | १४९५५ | | १४९५५ |
| जम्मा | | | २३०४४५६ | | २३१८९१५ |
| कक्षा ९ देखि १२ सम्म | | | | | |
| १ | १०८।२०८०।०१।०७ | जनता मावि छाति | ५११९० | | ५११९० |
| २ | १०८।२०८०।०१।०७ | कालिका मावि वालाचौर | १२२२३० | | १२२२३० |
| ३ | १०८।२०८०।०१।०७ | जनज्योति मावि भर्ता | २३८२९० | | २३८२९० |
| ४ | १०८।२०८०।०१।०७ | माहादेव मावि राराकटिया | १४८७२३ | | १४८७२३ |
| ५ | १०८।२०८०।०१।०७ | दाहाल मावि सुकाटिया | ८६७३५ | | ८६७३५ |
| ६ | १०८।२०८०।०१।०७ | चन्द्र सुर्य मावि हाउडी | १३३७०८ | | १३३७०८ |
| ७ | १०८।२०८०।०१।०७ | पंचकालिका मावि मुग्राहा | १३८२६८ | | १३८२६८ |
| जम्मा | | | ९१९१४४ | | ९१९१४४ |
| कुल जम्मा | | | | | ३२३८०५९ |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| गो भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| संघ सशर्त चालु १४,२०७९।०६।०६ | एम.आई.एस.अपरेटर र फिल्ड सहायक दैनिक भ्रमण (यातायात खर्च।ईन्धन), अन्य विविध खर्च-आयोजना,सामाजिक सुरक्षा तथा घटना दर्ता सम्वन्धित विभिन्न बैंठकको चियापान लगायतको खर्च | गोविचन्द्र तिमिल्सेना | ११८००० |
| गा पा चालु २३,२०७९।०६।०५ | इन्धन (कार्यालय प्रयोजन) | धिरेन्द्र बहादुर शाही | १०३२० |
| गा पा चालु २५,२०७९।०६।०५ | सवारी साधन तथा मेशिनर औजार भाडा | टोप बहादुर बस्नेत | १४६७०० |
| गा पा चालु २७,२०७९।०६।०५ | विमा तथा नवीकरण खर्च,सवारी साधन मर्मत खर्च | नन्द परेग उपाध्याय | ३८११३ |
| गा पा चालु ३१,२०७९।०६।०६ | विविध खर्च | भिम बहादुर शाही | १७९२७ |
| संघ सशर्त चालु ३१,२०७९।१०।१९ | स्वास्थ्य शाखाका विभिन्न कृयाकलापहरु | खगेन्द्र प्रसाद चौलागाई | ४७५००० |
| संघ सशर्त चालु ३२,२०७९।१०।१९ | आमा सुरक्षा कार्यक्रम | नेत्रलाल आचार्य | १२०४०० |
| गा पा चालु ३३,२०७९।०६।०६ | इन्धन (पदाधिकारी) | वद्रि वहादुर शाही | ५५१३९ |
| संघ सशर्त चालु ३४,२०७९।१०।१९ | आमा सुरक्षा कार्यक्रम | खगेन्द्र प्रसाद चौलागाइ | ५०००० |
| गा पा चालु ३६,२०७९।०६।०६ | विविध खर्च | विरेन्द्र आचार्य | ७६७३१ |
| गा पा चालु ४१,२०७९।०६।०६ | विविध खर्च | विन्दा कुमारी शाही | ११६० |
| गा पा चालु ४४,२०७९।०६।०६ | विविध खर्च | जुनपुरा शाही | १७७३०० |
| गा पा चालु ४५,२०७९।०६।०६ | विविध खर्च | नविन शाही | १५३०४४ |
| गा पा चालु ४६,२०७९।०६।०६ | विविध खर्च,पदाधिकारी भ्रमण खर्च | पुस्पा शाही र मन बहादुर शाही | ११९३३० |
| संघ सशर्त चालु ४८,२०८०।०३।२३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्युटर,फर्निचर फिक्चर्स,क्यामरा,अन्य विद्युतिय उपकरण) | रमेश वहादुर शाही | १९५५०० |

| | | | |
|---|---|---|---|
| गा पा चालु ४८,२०७९।०६।०६ | वडा नं २ को प्रशासनिक खर्च | भुपेन्द्र तिमिल्सेना | ११२२९० |
| गा पा चालु ५४,२०७९।०६।०६ | मसलन्द तथा कार्यालय सामग्री | रतन वहादुर महातारा | ३८०४५ |
| संघ सशर्त चालु ५८,२०७९।११।२३ | आमा सुरक्षा कार्यक्रम | बलु कुमारी शाही (यादव) | ५०००० |
| गा पा चालु ७७,२०७९।०६।०७ | विविध खर्च,सवारी साधन तथा मेशिनर औजार भाडा,मसलन्द तथा कार्यालय सामग्री | विर कुञ्ज घर्ती मगर | ४३८२०० |
| गा पा चालु ७९,२०७९।०६।०७ | विविध खर्च | सुर्य वहादुर खत्री | १३३०० |
| गा पा चालु ८१,२०७९।०६।०७ | महिला तथा वालवालिका शाखा लक्षित कार्यक्रम,विविध खर्च | गोविचन्द्र तिमिल्सेना | २५३१४५ |
| गा पा चालु ८२,२०७९।०६।०७ | शिक्षा शाखाका विभिन्न कृयाकलापहरु | विरेन्द्र वहादुर शाही | ५०००० |
| संघ सशर्त चालु ८४,२०७९।१२।१९ | राष्ट्रिय महिला स्वास्थ्य स्वंयसेविका कार्यक्रम | छत्र वहादुर सेजुवाल | ११९५२ |
| गा पा चालु ९४,२०७९।०६।०७ | सवारी साधन तथा मेशिनर औजार भाडा | टोप बहादुर बस्नेत | २७०००० |
| गा पा चालु ११८,२०७९।१०।१८ | वडा नं ३ को प्रशासनिक खर्च | नवराज चौलागाइ | १८७८१० |
| गा पा चालु १२४,२०७९।१०।१८ | वडा नं ६ को प्रशासनिक खर्च | जनक वहादुर शाही | ९७२०१ |
| गा पा चालु १२९,२०७९।१०।१९ | वडा नं २ को प्रशासनिक खर्च | भुपेन्द्र तिमिल्सेना | १२७९२४ |
| गा पा चालु १३४,२०७९।१०।१९ | ढुवानी (खोप स्वास्थ्य सामग्री औजार औषधी तथा उपकरण) | खगेन्द्र प्रसाद चौलागाइ | १००००० |
| गा पा चालु १६३,२०७९।१०।२१ | सवारी साधन तथा मेशिनर औजार भाडा | भिम प्रसाद आचार्य | ८१००० |
| संघ सशर्त चालु १९४,२०८०।०३।१८ | लघु उद्यम विकास कार्यक्रम | विरेन्द्र चौलागाइ | १६२९०० |
| संघ सशर्त चालु २०१,२०८०।०३।१९ | संस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एंवम विद्यार्थि मुल्याङ्कन | नवराज अचार्य | २५३५९६ |

| | | | |
|---|---|---|---|
| गा पा चालु २०१,२०७९।११।०९ | मसलन्द तथा कार्यालय सामग्री | मिमकोश शाही | १६४१०५ |
| गा पा चालु २०२,२०७९।११।०९ | अन्य भाडा | नविन शाही | १७५५० |
| संघ सशर्त चालु २३२,२०८०।०३।२२ | लघु उद्यम विकास कार्यक्रम | विरेन्द्र चौलागाइ | १२६१५६ |
| गा पा चालु २३८,२०७९।११।१२ | पशु शाखाबाट हुने विभिन्न कार्यक्रमहरु | मान व.महतारा | ४८५६१० |
| गा पा चालु २४१,२०७९।११।१२ | संचार महसुल,अन्य भाडा | विर कुञ्ज घर्ती मगर | ८१२७० |
| संघ सशर्त चालु २४७,२०८०।०३।२२ | आमा सुरक्षा कार्यक्रम | खगेन्द्र प्रसाद चौलागाइ | ५९५३५४ |
| गा पा चालु २८४,२०७९।१२।०९ | भैपरी खर्च | जनक वहादुर शाही | २८५२१७ |
| गा पा चालु ३०१,२०७९।१२।१८ | सवारी साधन तथा मेशिनर औजार भाडा, अन्य भाडा,मसलन्द तथा कार्यालय सामग्री,संचार महसुल | विर कुञ्ज घर्ती मगर | १४००४० |
| गा पा चालु ३१४,२०७९।१२।१९ | न्यायिक समितिको क्षमता विकास तथा अन्य कार्यक्रम | गोविचन्द्र तिमिल्सेना | २१८१८५ |
| गा पा चालु ३१६,२०७९।१२२० | वडा नं ४ को प्रशासनिक खर्च | तिल वहादुर शाही | २९३८४४ |
| गा पा चालु ३१८,२०७९।१२।२० | वडा नं ६ को प्रशासनिक खर्च | जनक वहादुर शाही | १९१६०४ |
| गा पा चालु ३२०,२०७९।१२।२० | वडा नं ६ को प्रशासनिक खर्च | जनक वहादुर शाही | १११८१७ |
| गा पा चालु ३३०,२०७९।१२।२१ | अन्य सामाजिक सुरक्षा, वडा नं ७ को प्रशासनिक खर्च | अशोक कुमाल | २५९५६४ |
| गा पा चालु ३३५,२०७९।१२।२१ | वडा नं ६ को प्रशासनिक खर्च | जनक वहादुर शाही | ११९००० |
| गा पा चालु ३७१,२०८०।०१।०८ | वडा नं १ को प्रशासनिक खर्च | दिपेन्द्र अधिकारी | २६६६५ |
| गा पा चालु ३७३,२०८०।०१।१७ | औषधि उपचार खर्च | नन्द वहादुर शाही | १५०००० |

| | | | |
|---|---|---|---|
| गा पा चालु ३८९,२०८०।०२।०२ | वालवालिका संरक्षण, वडा नं १ को प्रशासनिक खर्च | दिपेन्द्र अधिकारी | ११७७३९ |
| गा पा चालु ४०४,२०८०।०२।०४ | कृषि शाखा बाट हुने विभिन्न कार्यक्रमहरु | सुर्य वहादुर बराल | ५३६६७ |
| गा पा चालु ४०७,२०८०।०२।०५ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | विर कुञ्ज घर्ती मगर | ८१११७ |
| गा पा चालु ४१७,२०८०।०२।०९ | न्यायिक समितिको क्षमता विकास तथा अन्य कार्यक्रम | अमल राज शाही | २५५००० |
| गा पा चालु ४३८,२०८०।०२।१७ | विभिन्न विपद व्यवस्थापन कार्यक्रम | धिर वहादुर शाही | ७५२२७४ |
| गा पा चालु ४४३,२०८०।०२।१९ | अन्य भत्ता,दलित तथ अल्पसंख्यक लक्षित कार्यक्रम | बिरेन्द्र वहादुर शाही | १००८०० |
| गा पा चालु ४४८,२०८०।०२।२८ | कृषि शाखा बाट हुने विभिन्न कार्यक्रमहरु, अन्य भाडा,संचार महसुल,सवारी साधन तथा मेशिनर औजार भाडा,इन्धन(कार्यालय प्रयोजन), मसलन्द तथा कार्यालय सामग्री | विर कुञ्ज घर्ती मगर | २११४२० |
| गा पा चालु ४४९,२०८०।०२।२९ | बाहय विशिष्ठ व्यक्ति तथा अन्य कर्मचारी पदाधिकारी अनुगमन,मूल्यांकन खर्च | दिप वहादुर शाही,धर्मकला शाही | २९०००० |
| गा पा चालु ४८४,२०८०।०३।०६ | वडा नं ८ को प्रशासनिक खर्च | विरेन्द्र वहादुर शाही | १४९८६५ |
| गा पा चालु ४९६,२०८०।०३।०८ | वडा नं ७ को प्रशासनिक खर्च,आपतकालिन वाल हित कोष | अशोक कुमाल | १४९६५९ |
| गा पा चालु ५०६,२०८०।०३।११ | महिला तथा वालवालिका शाखा लक्षित कार्यक्रम | अमृता कुमारी अधिकारी | १२३१२५ |
| गा पा चालु ५०९,२०८०।०३।११ | सभा सञ्चालन खर्च | विर कुञ्ज घर्ती मगर | १२२४०० |
| गा पा चालु ५१९,२०८०।०३।१२ | मसलन्द तथा कार्यालय सामग्री | रोजिना शाही | १९७००० |
| गा पा चालु ५२०,२०८०।०३।१२ | वडा नं २ को प्रशासनिक खर्च | भुपेन्द्र तिमिल्सेना | १९४६५० |
| गा पा चालु ५२८,२०८०।०३।१३ | शिक्षा शाखाका विभिन्न कार्यक्रमहरु | नवराज अचार्य | २३८००१ |
| गा पा चालु ५४२,२०८०।०३।१८ | विपन्न घरपरिवारलाई औषधि उपचार | रोजिना शाही | २००००० |

| | | | |
|---|---|---|---|
| गा पा चालु<br>५५३,२०८०।०३।२० | भैपरी खर्च | रमेश शाही | ९६८०२ |
| गा पा चालु<br>५५५,२०८०।०३।२० | कर्मचारी तालिम खर्च | गोविचन्द्र तिमिल्सेना | ५२६४४२ |
| गा पा चालु<br>५६७,२०८०।०३।२१ | महिला तथा वालवालिका शाखा लक्षित कार्यक्रम | अमृता अधिकारी | ९२२६४ |
| गा पा चालु<br>५७४,२०८०।०३।२१ | पशु शाखाबाट हुने विभिन्न कार्यक्रमहरु | धन्जीत बुढाथोकी | १२३१४३ |
| गा पा चालु<br>५८४,२०८०।०३।२२ | सभा सञ्चालन खर्च,पदाधिकारी बैठक भत्ता | विर कुञ्ज घर्ती मगर | ४४९९०३ |
| गा पा चालु<br>५९१,२०८०।०३।२३ | कर्मचारी बैठक भत्ता | नवराज चौलागाइ | २५४१५० |
| गा पा चालु<br>५९९,२०८०।०३।२४ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धि खर्च,<br>विविध कार्यक्रम खर्च,वालवालिका तथा किशोर<br>किशोरी कार्यक्रम | पृथवी वहादुर शाही | २९९९५३ |
| प्रदेश सशर्त चालु<br>४७।२०८०।०३।१८ | गोजाढाउखाडा पोदाला हुदै विद्यालय जोडने सडक | अनिपाल शाही | १४८७५० |
| गा पा पुंजीगत<br>५२।२०८०।०२।०३ | वडा कार्यालय भैपरी खर्च | प्रकाश वहादुर शाही | ५४५१६ |
| गा पा पुंजीगत<br>५३।२०८०।०२।०३ | वडा कार्यालय भैपरी खर्च | विनोद प्रसाद अधिकारी | २९०२४ |
| गा पा पुंजीगत<br>५४।२०८०।०२।०३ | वडा कार्यालय भैपरी खर्च | विनोद प्रसाद अधिकारी | १५३६२१ |
| गा पा पुंजीगत<br>५६।२०८०।०२।०५ | वडा कार्यालय भैपरी खर्च | विनोद प्रसाद अधिकारी | १५२६८ |
| गा पा पुंजीगत<br>६२।२०८०।०२।०९ | एम्बुलेन्स खरिद | उमाकान्त आचार्य | ६७५०० |
| गा पा पुंजीगत<br>७१।२०८०।०२।१७ | मेशिनरी तथा औजार | जनक वहादुर शाही | ७२८८३ |
| गा पा पुंजीगत<br>८०।२०८०।०२।२८ | सडक वाट क्षति भएका संरचना पुन निर्माण | धिरेन्द्र बहादुर शाही | १००००० |
| गा पा पुंजीगत<br>८४।२०८०।०२।३१ | वडा नं ३ को कार्यालय व्यवस्थापन | खगेन्द्र अधिकारी | ३९६०० |

| | |
|---|---|
| जम्मा | १३०३८५४४ |

## बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सामाजिक सुरक्षा तर्फः | | | |
|---|---|---|---|
| गो.भौ. नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
| ३७,२०७९।१२।२२ | अधिकारीबाडा देखि प्रसामखोला सडक मर्मत | उपभोक्ता समिति | ३,६८०।०० |
| ४४,२०८०।०१।०८ | ढाडदेखि वडा कार्यालय सम्म खानेपानी मर्मत | उपभोक्ता समिति | २,२८८।०० |
| ४५,२०८०।०१।०८ | गाई चरन देखि वयाला सम्म घोरेटो बाटो मर्मत | उपभोक्ता समिति | १,१०४।०० (अपुग) |
| ५७,२०८०।०२।०८ | भर्ता तिला दोभानदेखि साकासम्म घोरेटो बाटो | उपभोक्ता समिति | ५१५।७० (अपुग) |
| ७०,२०८०।०२।१७ | नैनलदेव बालविकास केन्द्र फिल्ड निर्माण | नैनलदेव बाल विकास केन्द्र | ३,७९३।०० |
| ७४,२०८०।०२।१८ | सेरी पान्तडी सडकबाट भर्तागाउँ र तिला नदीसम्म घोरेटो बाटो | उपभोक्ता समिति | ४४१।०० (अपुग) |
| ७६,२०८०।०२।१९ | भदगाउँदेखि सुकाटिया सम्म सडक निर्माण | उपभोक्ता समिति | १,१९०।०० |
| ७९,२०८०।०२।१९ | सेरीघाटदेखि काली नैनलदेव बालाचौर सडक निर्माण | उपभोक्ता समिति | ६११।०० |
| ९४,२०८०।०२।३२ | अजमारे आ.वि. बाजथला छाना मर्मत | उपभोक्ता समिति | १,२४८।०० |
| ९८,२०८०।०३।०१ | स्कूल घेरावार तथा फर्निचर व्यवस्थापन | महादेव आधारभूत विद्यालय | ६,५१५।०० |
| १०१,२०८०।०३।०१ | पानीखोला देखि बललेजसम्म खानेपानी मर्मत | उपभोक्ता समिति | ३,३५५।०० |
| १०३,२०८०।०३।०१ | निउलाथान मन्दिर निर्माण | उपभोक्ता समिति | ६,४४८।०० |
| १०५,२०८०।०३।०४ | प्रसमखोलादेखि उदागाउँ खानेपानी मर्मत | उपभोक्ता समिति | २,४५६।०० |
| १०६,२०८००३।०४ | जनज्योति मा.वि. फिल्ड निर्माण | उपभोक्ता समिति | ६,४७२।०० |
| १०८,२०८०।०३।०४ | टिमुरे गैरा नैनल देउताको मन्दिर निर्माण | उपभोक्ता समिति | ३,७९९।०० |
| ११०,२०८०।०३।०४ | ढाङ्ग्रेमुला चङ्ग्रला खानेपानी मर्मत | उपभोक्ता समिति | १,५६८।०० |
| १२८,२०८०।०३।१८ | सान्बाडा खानेपानी निर्माण | उपभोक्ता समिति | ४,३०७।०० |
| १३२,२०८०।०३।१९ | माथिल्लो हाउडी खानेपानी निर्माण | उपभोक्ता समिति | ५,६४१।०० |
| १३४,२०८०।०३।१९ | हिरुबाज खतेवाडा खानेपानी तथा सिंचाई | उपभोक्ता समिति | ३,२७४।०० |
| १३५,२०८०।०३।१९ | भर्ता स्वास्थ्यचौकी भवन मर्मत | उपभोक्ता समिति | २,५२०।०० |

| | | | |
|---|---|---|---|
| १४२,२०८०।०३।२० | सागथला खानेपानी सरसफाइ | उपभोक्ता समिति | १०,३२३।०० |
| १४५,२०८०।०३।२० | माथिल्लो सङ्ग्यालबाडा खानेपानी तथा सरसफाइ | उपभोक्ता समिति | ५,६५०।०० |
| १४७,२०८०।०३।२० | तल्लो छाती खानेपानी तथा सरसफाइ | उपभोक्ता समिति | १०,६१९।०० |
| १४८,२०८०।०३।२१ | अधिकारीवाडा देखि सुकाटिया सम्म सडक निर्माण | उपभोक्ता समिति | १,९८४।०० |
| १५३,२०८०।०३।२१ | जनजागृति आ.वि. फिल्ड निर्माण | जनजागृति आ.वि. | १,०७८।०० |
| १६६,२०८०।०३।२१ | स्वच्छ खानेपानी सुरक्षित शौचालय | उपभोक्ता समिति | ३,४१।०० (अपुग) |
| ६८,२०८०।०३।२३ | धानु ठिगेनी गेरमुल खानेपानी तथा सरसफाइ | उपभोक्ता समिति | ८,१५२।०० |
| १८४,२०८०।०३।२४ | दतिल टोल इसिडि भवन निर्माण | उपभोक्ता समिति | ३,३२५।०० |
| १८५,२०८०।०३।२४ | विँन्न मन्दिर निर्माण | उपभोक्ता समिति | १,२५९।०० |
| १८६,२०८०।०३।२४ | हेलिप्याड देखि छाती सम्म सडक निर्माण | उपभोक्ता समिति | ३,०१०।०० |
| १८७,२०८०।०३।२४ | गविरादेखि कैलाश सम्म सडक निर्माण | उपभोक्ता समिति | २४,९१९।०० |
| १८९,२०८०।०३।२४ | कालीदेखि बुढाघाट हुँदै राराकाटिया सडक मर्मत | उपभोक्ता समिति | ३,९२६।०० |
| जम्मा | | | १,३५,८११।७० |
| अग्रीम आयकर तर्फः | | | |
| गो.भौ. नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
| १६६,२०८०।०३।२१ | स्वच्छ खानेपानी सुरक्षित शौचालय | उपभोक्ता समिति | ६,१६०।०० |
| १६९,२०८०।०३।२३ | माहादेव आ.वि. भवन निर्माण | महादेव मा.वि. | १७,६७२।०० |
| १८६,२०८०।०३।२४ | हेलिप्याड देखि छाती सम्म सडक निर्माण | उपभोक्ता समिति | ७,८०६।०० |
| १८८,२०८०।०३।२४ | बेउलीदेखि चौकी बजार सम्म सडक मर्मत | उपभोक्ता समिति | १७,२९६।०० |
| १८९,२०८०।०३।२४ | कालीदेखि बुढाघाट हुँदै राराकाटिया सडक मर्मत | उपभोक्ता समिति | ४,७७९।०० |
| ४१५,२०८०।०२।०९ | युवा स्वरोजगार कार्यक्रम | दुर्ग प्रसाद आचार्य | १२,३००।०० |
| ५९३,२०८०।०३।२३ | न्यायिक समिति क्षमता विकास कार्यक्रम | छाँया डेकोर हाउस | ६,८५४।०० |
| जम्मा | | | ७२,८६७।०० |
| बहाल कर तर्फः | | | |
| गो.भौ. नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
| १३,२०७९।११।२६ | प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद | उपभोक्ता समिति | २३००।०० (अपुग) |
| २०२,२०८०।०३।२०<br>(संघ सशर्त चालु) | गोठीमूला देखि रिगिदेव सिंचाई कुलो निर्माण | उपभोक्ता समिति | ६,६८०।०० |

| | | | |
|---|---|---|---|
| १४५,२०८०।०३।२० | माथिल्लो सञ्ज्यालबाडा खानेपानी तथा सरसफाइ | उपभोक्ता समिति | २,०००।०० |
| १६१,२०८०।०३।२१ | कालेखोला सिराडी डाँडाबाडा खानेपानी तथा सरसफाइ | उपभोक्ता समिति | ४,८००।०० |
| १६६,२०८०।०३।२१ | स्वच्छ खानेपानी सुरक्षित शौचालय | उपभोक्ता समिति | ९,०००।०० |
| १७४,२०८०।०३।२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद | उपभोक्ता समिति | ३,२००।०० |
| १७८,२०८०।०३।२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद | उपभोक्ता समिति | ९,०००।०० |
| जम्मा | | | ३६,९८०।०० |